# वार्षिक प्रगति प्रतिवेदन

# आ.व. २०७७/०७८

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## राष्ट्रिय बाल अधिकार परिषद्

परिच्छेद-१

# वर्षका प्राथमिक कार्यक्रम

## १. कार्यक्रमः- सडक बालबालिका मुक्त राष्ट्र अभियान

- २०७३ बैशाख २७ गतेदेखि औपचारिक रुपमा सडकबाट बालबालिकाको उद्धार कार्य प्रारम्भ
- २०७८ असार मसान्तसम्ममा १७८८ जना (बालक-१५३६, बालिका-२५२) सडक बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन
- ८६८ जना बालबालिकालाई पारिवारिक पुनर्मिलन
- २१४ जनालाई विभिन्न सीपमूलक तालिममा सहभागी,
- ५९ जना तालिम पुरा गरी सीपमूलक कार्यमा संलग्न
- ५० जना बालबालिकाको वैकल्पिक स्याहारमा व्यववस्थापन
- Street to Stadium, street to family र Street to Skill training को शुरुवात

## २. कोभिड-१९ मा बालबालिकाको संरक्षण

- कोभिड लक्षित सचेता सामग्रीको निर्माण र २ लाख ६० हजार भन्दा बढीमा पहुँच
- सातै प्रदेशका ५१५ स्थानीय तहका ६१२ जनाको सहभागितामा कोभिड-१९ मा बालबालिका केन्द्रित सेवा प्रवाहमा स्थानीय तहको भूमिका तथा तयारी सम्बन्धी भर्चुअल अन्तरक्रिया
- बालबालिकालाई कोभिड-१९ बाट संरक्षणका लागि ७५३ वटै स्थानीय तहहरुलाई अनुरोधपत्र पठाइएको
- ६० जिल्लाका १८० जना कोभिड संकट बालबालिका सहायता स्वयमसेवी समूह परिचालन
- २८ वटा अस्थायी संरक्षण सेवा केन्द्रको लागि आवश्यक न्यूनतम स्वास्थ्य सामग्रीहरु सहयोग
- १८ वटा बालहेल्पलाइन सेवा केन्द्रहरु र बालबालिका खोजतलास समन्वय केन्द्रमा कोभिड-१९ हेल्पडेस्क सञ्चालन
- हेल्पडेस्कबाट ३०५७ जना बालबालिकालाई सहयोग
- नागरिक संगठनका प्रतिनिधि, विज्ञ समुह तथा सरोकारवाला विभिन्न निकायका २०० जना प्रतिनिधिसँग परामर्श
- नेपाल बाल सङ्गठनको हातामा १० शय्या भएको बालमैत्री क्वारन्टीन स्थल सञ्चालन
- ४५७ वटा बालगृहहरुमा रहेका ११३३२ बालबालिकाको अवस्था अनुगमन, समन्वय र सहजीकरण
- अस्थायी संरक्षणमा रहेका २१८ बालबालिकालाई खाद्यान्न सामग्री सहयोग
- कोभिड-१९ बाट अभिभावक विहिन भएका ३० वटा स्थानीय तहबाट २०२ जना बालबालिकाको संरक्षण प्रक्रियाको शुरुवात


## १. सडक बालबालिका मुक्त राष्ट्रको लागि आधार वर्ष

"बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्न हुँदैन" भन्ने उद्घोषका साथ राष्ट्रिय बाल अधिकार परिषद्ले साविकको केन्द्रीय बाल कल्याण समिति हुँदा देखि वि.सं. २०७२ साल देखि काठमाडौं उपत्यकालाई सडक बालबालिका मुक्त बनाउने अभियान शुरु गरेको थियो । काठमाण्डौं उपत्यकालाई सडक बालबालिका मुक्त बनाउने अभियान कार्यक्रम अन्तर्गत २०७२ माघ १८ गते राष्ट्रिय दैनिक पत्रिकाहरुमा सूचना प्रकाशन गरी सम्पर्क गृह, सामाजिकीकरण केन्द्र र लागु औषध पुनःस्थापन केन्द्रको संचालनका लागि साविकको केन्द्रीय बाल कल्याण समितिले प्रस्ताव आह्वान गरेको थियो । त्यसपछिका दिनमा सडक बालबालिकाको व्यवस्थापन र अनुगमनसम्बन्धी निरन्तर प्रयासकै फलस्वरुप २०७३ बैशाख २७ गतेदेखि औपचारिक रुपमा सडकबाट बालबालिकाको उद्धार कार्य प्रारम्भ गरिएको थियो । यसरी शुरुवात गरिएको सडक बालबालिका मुक्त काठमाडौं उपत्यकाबाट आर्थिक वर्ष २०७६/७७ देखि  सडक बालबालिका मुक्त राष्ट्र अभियानको शुरुवात गरिएको थियो ।

वि.स. २०७३ साल बैशाखदेखि शुरुवात गरिएको यस अभियानबाट २०७८ असार मसान्तसम्ममा १७८८ जना (बालक-१५३६, बालिका-२५२) सडक बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ। जसमध्ये ८६८ जना बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको, २१४ जनालाई विभिन्न सीपमूलक तालिममा पठाइएको, ५९ जना तालिम पुरा गरी सीपमूलक कार्यमा संलग्न रहेको, ५० जना बालबालिकाको परिवार तथा अभिभावक नभेटिएकोले दीर्घकालिन संरक्षणका लागि वैकल्पिक स्याहारमा पठाइएको छ । यसैगरी २०७८ असार मसान्तसम्ममा यस आर्थिक वर्षमा उद्धार गरिएका मध्ये २८१ जना र विगतका वर्षहरुमा उद्धार गरिएका मध्ये ११८ जना गरी ४०९ जना बालबालिकालाई अस्थायी संरक्षण केन्द्रमा राखी आवश्यक सेवा उपलब्ध गराँउदै आएको छ । कूल उद्धार गरिएका बालबालिका मध्ये १८८ जना बालबालिकाले १८ वर्ष पुरा गरी स्वावलम्वी भएको अवस्था रहेको छ ।

सडकमा आश्रित बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापनलाई निरन्तरता दिँदै आगामी असार मसान्तसम्ममा नेपाललाई सडक बालबालिका मुक्त राष्ट्र बनाउन आधार तयार पार्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ । सडक बालबालिका उद्धारसम्बन्धी विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

## चित्र-१ सडक बालबालिकाको उद्धार सम्बन्धी विवरण





यस आर्थिक वर्षमा उद्धार गरिएका ३५५ जना सडक बालबालिकाको उमेर समूह अनुसारको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ -

### तालिका नं. १ उद्धार गरिएका सडक बालबालिकाको उमेर समूह अनुसारको संख्या

| क्र.स. | उमेर समुह (वर्ष) | सडकबाट उद्धार गरिएका बालबालिका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | १ - ५ | ६ | ३ | ९ |
| २ | ६ - १० | ५३ | ३ | ५६ |
| ३ | ११ - १४ | १५६ | २२ | १७८ |
| ४ | १५ - १८ | ८६ | २६ | ११२ |
| जम्मा | | ३०१ | ५४ | ३५५ |

यसरी उद्धार गरिएका १७८८ जना बालबालिकाको संरक्षण तथा व्यवस्थापन सम्बन्धी विवरण तलको वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

चित्र-२: सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी विवरण




परिषद्ले देशव्यापी रुपमा सडकमा आश्रीत बालबालिको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्दै सडक बालबालिका मुक्त राष्ट्र बनाउने अभियानको प्रचार प्रसार गर्दै आएको छ । यसबाट अहिलेको अवस्थामा जुनसुकै स्थानमा सडक बालबालिका देखेमा देख्ने व्यक्तिले तत्काल सो को जानकारी परिषद्मार्फत सञ्चालित बालबालिका खोजतलास समन्वय केन्द्रमा गराउने र सो केन्द्रले तत्काल उद्धार गर्ने कार्य निरन्तर गरिरहेको छ । विगत लामो समयदेखि सडकमा जिवनयापन गरी रहेका बालबालिका हाल सडकमा नरहेको अवस्था छ र नयाँ आउने बालबालिकाको तत्काल सम्बोधन समेत भइरहेको छ । यसबाट यस आर्थिक वर्षको अन्त्यसम्म आइपुग्दा सडक बालबालिका मुक्त राष्ट्र घोषणाको लागि आधार तयारी भएको छ ।

आगामी आर्थिक वर्ष २०७८/०७९ मा परिषद्ले सडकमा आउने बालबालिकाको उद्धार तथा संरक्षण सँगसँगै सडक बालबालिकाको दीर्घकालिन व्यवस्थापनका लागि "Street to Stadium, street to family र Street to Skill training" कार्यक्रम सञ्चालन गर्नेछ ।

## २. कोभिड-१९ मा बालबालिकाको संरक्षण र परिषद्ले खेलेको भूमिका


कोभिडको महामारीमा बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणका अधिकार सुनिश्चितता तथा बालबालिका केन्द्रित सेवा प्रवाहका लागि परिषदले कोभिड प्रतिकार्य कार्ययोजना तर्जुमा गरी सोही बमोजिम गतिविधिहरू सञ्चालन गरेको थियो। कोभिडका समयमा परिषदबाट सम्पादन भएका बालबालिका केन्द्रित गतिविधिहरू देहाय बमोजिम रहेका छन् ।

### २.१ कोभिड सचेतना:-

परिषद्ले यस आर्थिक वर्षमा कोभिड-१९ को महामारीबाट बालबालिकाको संरक्षणका लागि अविभावक तथा बालबालिका सचेतना भिडियो सामाग्री निर्माण गरी सामाजिक सञ्जालबाट प्रचार-प्रसार गरिएको छ । विशेषगरी कोभिड-१९ को समयमा बालबालिका लामो समय घरमै बस्नुपर्ने अवस्था रहेकोले यस अवस्थामा बालबालिकासँग सुरक्षित, सहयोगी र मैत्रीपूर्ण व्यवहार कसरी गर्ने? बालबालिकालाई कोभिड संक्रमण भएमा

के गर्ने? र बालबालिकालाई कोभिडको संक्रमणबाट जोगाउन के गर्ने? भन्ने विषयहरु समावेश गरी परिषद्ले निर्माण गरेको प्रचार प्रसार सामग्रीमा सामाजिक सञ्जालमा पुगेको पहुँच देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र- ३ कोभिड सचेतनाका लागि प्रचारप्रसार**





## २.२ समन्वयात्मक कार्यहरुः-

### क. <u>स्थानीय तहसँगको समन्वय</u>

यसैगरी सातै प्रदेशका ५१५ स्थानीय तहसँग बालबालिका केन्द्रित सेवा प्रवाहमा स्थानीय तहको भूमिका तथा तयारी सम्बन्धी भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा बालमैत्री आइसोलेसनको व्यवस्थापन, कोभिड-१९ हेल्पडेस्कको स्थापना, समुदायमा आधारित वैकल्पिक शिक्षाको व्यवस्था, नियमित स्वास्थ्य सेवाको सुनिश्चितता, समन्वय तथा सहकार्य र बालबालिका लक्षित तत्काल राहत तथा संरक्षण सहयोग प्रदान गर्नका लागि आवश्यक समन्वय गरिएको थियो । सातै प्रदेशमा सञ्चालन गरिएको अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका बालबालिका शाखा प्रमुख, स्थानीय तहका बाल कल्याण अधिकारी, नागरिक संगठनका प्रतिनिधहरु, परिषद्का प्रदेश समन्वय अधिकृतहरु गरी कूल ६१२ जनाको सहभागिता रहेको थियो । कोभिड-१९ मा बालसंरक्षण कार्यका लागि प्रदेशगत रुपमा सञ्चालन गरिएका समन्वयात्मक अन्तरक्रियाको विवरण तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्रः ४- कोभिड-१९मा बालसंरक्षणका लागि अन्तरक्रिया गरिएका स्थानीय तहको संख्या**





बालबालिकालाई कोभिड-१९ बाट संरक्षणका लागि ७५३ वटै स्थानीय तहहरुलाई परिपत्र समेत गरी बालबालिकाको स्वास्थ्य सुरक्षा तथा संरक्षणका लागि समन्वय गरिएको थियो । परिषद्को पत्राचार र अन्तरक्रिया कार्यक्रमको प्रभावस्वरुप केही स्थानीय तहमा कोभिड-१९ हेल्पडेस्कको स्थापना भई सञ्चालनमा रहेको छ ।

## ख. नागरिक संगठनसँको समन्वय

कोभिड-१९ को संक्रमणबाट बालबालिकाको संरक्षण र सुरक्षाका लागि परिषद्ले विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय गरेको छ । कोभिड-१९ बाट बालबालिकाको स्वास्थ्यमा पर्नसक्ने प्रभाव तथा यसको न्यूनीकरणका लागि परिषद्ले नेपाल प्याडियाट्रिक सोसाइटी, प्याडियाट्रिक नर्सेस एसोसियसन अफ नेपाल, स्वतन्त्रता अभियान र राष्ट्रिय बाल संरक्षण सञ्जालले आयोजना गरेको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा कोभिड-१९ मा बालसंरक्षण र स्वास्थ्यकर्मिहरुको भूमिका विषयमा परिषद्ले सहजीकरण गरेको थियो । यस कार्यक्रममा प्रदेश मन्त्रालयका प्रतिनिधिज्यूहरु, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिज्यूहरु, विभिन्न अस्पतालमा कार्यरत प्याडियाट्रिक स्वास्थ्यकर्मीहरु लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सहभागिता सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

चित्र-५  कोभिड-१९ मा बालसंरक्षण विषयमा स्वास्थ्यकर्मिहरुसँगको अन्तरक्रिया




कोभिड-१९ को रोकथाम तथा न्यूनीकरणका लागि परिषद्ले विभिन्न नागरिक संगठन सञ्जालहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग भर्चुअल माध्यममबाट समन्वयात्मक अन्तरक्रिया सम्पन्न गरेको छ । नागरिक संगठनका प्रतिनिधि, विज्ञ समुह तथा सरोकारवाला विभिन्न निकायका २०१ जना प्रतिनिधिसँग परामर्श गरी आवश्यक सेवा प्रवाहका लागि समन्वय गरिएको छ ।

## ग. अन्य निकाय तथा संघसंस्थासँगको समन्वय

परिषद्ले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वयमा कोभिड-१९ बाट संक्रमित बालबालिकाको दैनिक तथ्याङ्क अध्यावधिक गरी दैनिक रुपमा नै सामाजिक सञ्जालहरुबाट सार्वजनिकीकरण गर्दै आएको छ । यसबाट कोभिड-१९ बाट संक्रमित र निको हुने बालबालिकाको संख्याको आधारमा कोभिड संक्रमित र निको हुने बालबालिकाको प्रवृतिको अवस्था आँकलन गरी आवश्यक कार्ययोजना निर्माणका लागि सहजता ल्याएको छ । यसै अवधिमा परिषद्ले मानव अधिकार आयोगसँगको संयुक्त सहकार्यमा झापाको चारआलीमा उपचार नपाइ मृत्यु भएकी बालिकाको सम्बन्धमा अनुगमन गरी जिल्ला प्रशासन तथा अन्य निकायमा आवश्यक समन्वय गरेको छ भने महिला आयोगसँगको सहकार्यमा कोभिड-१९ को कारण भएको बन्दाबन्दीको समयमा बालिकाहरु विरुद्ध हुन सक्ने हिंसा तथा दुर्व्यवहारका घटना सम्बोधन तथा पिडीत संरक्षणका लागि सहकार्य गरिएको छ ।

यसैगरी चालू आ.व.२०७७/०७८ मा नेपाल बाल संगठनमा आश्रित, सडकमा आश्रित तथा अन्य बालगृहमा आश्रित बालबालिकालाई कोभिड-१९ को संक्रमण देखा परेका बालबालिकालाई सुरक्षित र बालमैत्री ढंगबाट राख्नको लागि परिषद्ले नेपाल बाल सङ्गठनको हातामा १० शय्या भएको बालमैत्री क्वारन्टीन स्थल सञ्चालन गरेको थियो। बालबालिकाको खाने, बस्ने, सुत्ने व्यवस्था सहित उनिहरूलाई पढ्ने र सृजनात्मक क्रियाकलाप गर्ने सामग्रीको व्यवस्था समेत गरिएको थियो ।

परिषद्ले यस आर्थिक वर्षमा ४५७ वटा बालगृहहरुमा रहेका ११३३२ बालबालिकाको अवस्थाको जानकारी र आवश्यक सहयोगको लागि समन्वय गरेको छ । बालगृहमा आश्रीत बालबालिकामध् कोभिडका कारण घर गएका बालबालिकाको विवरण, आश्रीत बालबालिकाको स्वास्थ्यको अवस्था, स्वास्थ्य सामग्री र आधारभूत औषधिहरु उपलब्धता, कोभिड संक्रमित बालबालिका र स्वास्थ्य अवस्था सम्न्धमा जानकारी लिई आवश्यक सहयोग उपलब्ध गराउनुका साथै समन्वय र सहजीकरण समेत गरको छ ।

यसैगरी परिषद्ले प्रदेश नं २ मा कोभिड १९ का कारण जोखिममा परेका बालबालिकाको संरक्षणमा लागि बालमैत्री स्वास्थ्य सामग्रीहरु तथा बालबालिका लक्षित खाद्यान्न र शैक्षिक सामग्रीहरुको सहयोगको लागि सेभ द चिल्ड्रेनसँग आवश्यक समन्वय गरी सो को व्यवस्थापन गरिएको थियो ।

## २.३ स्वयमसेवक परिचालनः-


चालू आर्थिक वर्ष २०७७/०७८ मा परिषद्ले एनएसिजी तथा नागरिक संगठन सञ्जालहरुसँगको समन्वयमा कोभिड-१९ मा बालबालिकाको संरक्षणका लागि ६० जिल्लाका १८० जना कोभिड संकट बालबालिका सहायता स्वयमसेवी समूह निर्माण गरी देशव्यापी रुपमा परिचालन गरिरहेको छ । विशेषगरी कोभिड-१९ को कारण जोखिममा परेका बालबालिकाको सूचना संकलन गर्ने, त्यस्ता बालबालिकाको सहयोगको लागि समन्वय गर्ने र परिषदबाट तयार गरिएका चेतनामूलक तथा सूचनामूलक सामग्रीहरुको प्रचारप्रसार गर्ने मुख्य जिम्मेवारी सहित स्वयमसेवीहरु परिचालन गरिएको छ ।

## २.४ कोभिड-१९ हेल्पडेस्कको स्थापना, सञ्चालन र सेवा प्रवाह

परिषद्ले कोभिड-१९ को दोस्रो महामारीको शुरुवातसँगै परिषदमा सूचीकृत २८ वटा अस्थायी संरक्षण सेवा केन्द्रमा आश्रीत ५५१ जना बालबालिका र १७ वटा बाल हेल्पलाइन केन्द्रहरुमा आश्रीत १३५ जना बालबालिका लाभान्वित हुनेगरी आवश्यक न्यूनतम स्वास्थ्य सामग्रीहरु (मास्क, स्यानीटाइजर, थर्मोमिटर, अक्सीमिटर, स्वाशप्रश्वास सम्बन्धी व्यायाम गर्ने उपकरण) तथा आधारभूत औषधिहरु (पारासिटामोल, कफ सिरप, नोजल ड्रप) उपलब्ध गराएको थियो ।


यसैरी परिषदमार्फत सञ्चालित १८ वटा बालहेल्पलाइन सेवा केन्द्रहरु र बालबालिका खोजतलास समन्वय केन्द्रमा कोभिड-१९ हेल्पडेस्क सञ्चालन गरेको थियो । यी हेल्पडेस्कहरुबाट विशेष गरी कोभिड-१९ सम्बन्धी सूचना तथा जानकारीहरु प्रदान गर्ने, कोभिडका कारण दैनिक जिवनयापनमा नै समस्या भई बालबालिकाको लालनपालन तथा पोषणमा समेत अप्ठ्यारोमा परेका परिवारका बालबालिकालाई आवश्यक खाद्यान्न सामग्री सहयोग गर्ने कार्यहरु सञ्चालन गरिएको थियो । बालबालिका खोजतलास समन्वय केन्द्र १०४, भृकुटीमण्डपमा सञ्चालित तथा बालहेल्पलाइन (१०९८) सेवा केन्द्रमा सञ्चालित कोभिड हेल्पडेस्क बाट राहत सहयोग प्रदान गरिएको छ । सहयोग सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

**चित्र-६ कोभिड-१९ मा सहयोग गरिएका बालबालिकाको संख्या**




परिषदमार्फत सञ्चालित बाल हेल्पलाइन सेवा केन्द्रहरुमार्फत राहत सामग्री सहयोगको अतिरिक्त हेल्पडेस्क स्थापना गरी मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, पारिवारिक परामर्श तथा अन्य आवश्यक सहयोग सेवा प्रदान गरिएको छ । बाल हेल्पलाइन सेवा केन्द्रहरुबाट प्रदान गरिएको कोभिड-१९ लक्षित सेवाहरुको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ७ बाल हेल्पलाइनमार्फत सञ्चालित हेल्पडेस्कबाट लाभान्वित बालबालिकाको संख्या**




यसैगरी कोभिड-१९ कारण आवासीय संरक्षणमा रहेका बालबालिकाको पालनपोषण तथा लालनपालनका लागि समस्या भई परिषदमा सहयोगका लागि माग भई आएका ८ वटा संस्थामा आश्रित बालबालिकालाई खाद्यान्न सामग्री सहयोग गरिएको छ ।

**तालिका नं २: कोभिड-१९ बाट प्रभावित संस्थामा आश्रीत बालबालिकालाई सहयोग**

| क्र.स. | संस्थाको नाम | सहयोगको किसिम | लाभान्वित बालबालिका |
|---|---|---|---|
| १ | सुस्त मनस्थिति सरोकार समाज नेपाल, कन्काई-१ झापा | खाद्यान्न सामग्री, फलफुल, दुध, स्वास्थ्य औषधि, लत्ता कपडा, खेल सामग्री | १७ |
| २ | योगी नरहरीनाथ संस्कृत गुरुकूलम | खाद्यान्न सामग्री, फलफुल, दुध, स्वास्थ्य औषधि, लत्ता कपडा, खेल सामग्री | २० |
| ३ | निःसहाय बालबालिका सेवा आश्रम | खाद्यान्न सामग्री, फलफुल, दुध, लत्ता कपडा, खेल सामग्री र शैक्षिक सामग्री | ४१ |
| ४ | ओम अपाङ्गता स्याहार केन्द्र, स्युचाटार | खाद्यान्न तथा औषधि | २० |
| ५ | द्वन्द्व पीडित तथा अपाङ्गता पुनःस्थापना केन्द्र | औषधि | ४० |
| ६ | आशा नेपाल, गोदावरी ललितपुर | खाद्यान्न सामग्री | ३१ |
| ७ | सृजनशील अपाङ्ग स्वावलम्बन केन्द्र, तानसेन-७ पाल्पा | खाद्यान्न सामग्री | ३२ |
| ८ | मातृभूमी महिला समाज, सामाखुसी | खाद्यान्न सामग्री | १७ |
| | | **जम्मा** | **२१८** |


यस आर्थिक वर्षमा परिषदले नेपाल बाल संगठनमा आश्रीत ७२ जना बालबालिकाको कोभिड-१९ को परिक्षणमा सहयोग गरेको छ भने सडकबाट उद्धार गरिएका तथा वेवारिसे भेटिएका बालबालिकालाई अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र र बालगृहमा संरक्षणमा पठाउनुपूर्व त्यस्ता बालबालिकाको कोभिड परिक्षण सहयोग गरेको छ ।

## २.५ कोभिड-१९ का कारण अभिभावक विहिन भएका बालबालिकाको अभिभावकत्व

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँगको समन्वयमा कोभिड-१९ बाट परिवारको मृत्यु भई अभिभावकत्व विहिन भएका बालबालिकाको संरक्षण राज्यले गर्ने नीति अनुरुप महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका तर्फबाट बाल संरक्षण तथा विकास शाखा प्रमुख शान्तिराज प्रसाई र परिषद्को तर्फबाट नमुना भूसाललाई फोकल व्यक्ति तोकी त्यस्ता बालबालिकाको व्यवस्थापन कार्य गरिएको छ ।

कोभिड-१९ का कारण अभिभावक विहिन भएका बालबालिकाको सूचना तथा तथ्याङ्कका लागि स्वयमसेवी समूह परिचालन गर्नुका साथै ७५३ वटै स्थानीय तहहरुमा परिपत्र गरी त्यस्ता बालबालिकाको विवरण परिषदमा उपलब्ध गराउन अनुरोध गरिएको छ । हालसम्म कोभिड-१९ का कारण अभिभावक विहिन बनेका तीन जना बालबालिकाको व्यवस्थापन परिषद्ले गरी सकेको छ भने २०७८ असार मसान्तसम्ममा ३० वटा स्थानीय तहबाट २०२ जना बालबालिका अभिभावक विहिन भएको तथ्याङ्क परिषदमा प्राप्त भई व्यवस्थापन कार्य शुरु गरिएको छ । प्रदेशगत रुपमा प्रप्त तथ्याङ्कको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

चित्र-८ कोभिड-१९ बाट अभिभावक विहिन बनेका बालबालिकाको संख्या




## २.६ सार्वजनिक सूचना तथा जानकारी सम्प्रेषण

परिषद्ले कोभिड-१९ को महामारीबाट बालबालिका माथि हुनसक् सम्भावित हानिको रोकथाम, न्यूनीकरण तथा घटना सम्धनका लागि विभिन्न सार्वजनिक सूचनाहरु सामाजिक सञ्जालहरुमार्फत सम्प्रेषण गरेको छ । प्रवाह गरिएका सूचना सामग्रीहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ कोभिड-१९ को बारेमा सम्प्रेषण गरिएको सार्वजनिक सूचना तथा जानकारी**

| क्र.स. | सम्प्रेषण गरिएको सार्वजनिक सूचना तथा जानकारी |
|---|---|
| १ | कोभिड-१९ बाट बालबालिकाको सुरक्षा तथा संरक्षणका लागि कुनै पनि सूचना तथा जानकारी वा तत्काल बाल संरक्षण सहायता आवश्यक भएमा बालबालिका खोजतलास समन्वय केन्द्रको निःशुल्क फोन नं १०४ (एक सय चार) वा बाल हेल्पलाइनको निःशुल्क फोन नं १०९८ (दश नौ आठ) मा सम्पर्क गरौं । |
| २ | कोभिड-१९ को संकटमा बालसंरक्षण सम्बन्धी कुनै घटना घटेमा सो को सम्बोधन तथा समन्वयका लागि राष्ट्रिय बाल अधिकार परिषद्का देहाय बमोजिमका फोकल पर्सनहरु तोकिएको जानकारी गराइन्छ ।<br>श्री नमुना भूसाल<br>फोन नं. ९८५११३९४७४ |

| | |
|---|---|
| | श्री देवी प्रसाद डोटेल<br>फोन नं. ९८४१३१६८०६ |
| ३ | कोभिड-१९ संक्रमणको यस परिस्थितिमा राष्ट्रिय बाल अधिकार परिषद्को अनुमति विना कुनै पनि बालगृहले नयाँ बालबालिकालाई भर्ना नगर्नुहुन र एक बालगृहबाट अर्को बालगृहमा स्थानान्तरण नगर्न/नगराउनुहुन सम्बन्धित सबैको जानकारीको लाग यो सार्वजनिक सूचना जारी गरिएको छ । |
| ४ | कोभिडबाट संक्रमित भएका, निको भएका तथा मृत्यु भएका बालबालिकाको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वयमा दैनिक रूपमा अपडेट गरी परिषद्को फेसबुक पेजबाट सार्वजनिक गर्ने गरिएको छ । |

## परिच्छेद-२

# २. परिषदबाट भएका नीतिगत परामर्श सम्बन्धी कार्यहरु

- १ पटक परिषद् बैठक सम्पन्न
- ५ प्रदेशका ५७ जिल्ला समन्वय समिति तथा नागरिक संगठनका ३१४ जना प्रतिनिधिसँग बालबालिका सम्बन्धी ऐनको व्यवस्था कार्यान्वयनका लागि अन्तरक्रिया
- ५४२ वटा स्थानीय तहमा कूल १६७१ जनाको सहभागितामा बालबालिका सम्बन्धी ऐनको व्यवस्था कार्यान्वयनका लागि अन्तरक्रिया
- १८० स्थानीय तहमा बालअधिकार तथा संरक्षण कार्यविधि निर्माण, १२२ स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन, ४९ स्थानीय तहमा बालकल्याण अधिकारीको व्यवस्था र १३२ स्थानीय तहमा बालकोषको स्थापना
- थप ६ स्थानमा बाल हेल्पलाइन (१०९८) सेवा विस्तार गरी १८ स्थानमा सञ्चालन
- २८ वटा अस्थायी संरक्षण सेवा प्रदायको सूचीकरण र ५६८ जना बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान
- ४ वटा उपसमिति र एक विज्ञ समूहको निर्माण

## २.१ संघ, प्रदेश तथा स्थानीय तहमा बालबालिका सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाको कार्यान्वयन सम्बन्धी

### क. राष्ट्रिय बाल अधिकार परिषद्को वैठक

यस आर्थिक वर्षमा परिषद्को पूर्ण वैठक एक पटक आयोजना गरिएको छ । वैठकबाट भएका निर्णयहरु र निर्णय कार्यान्वयनको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ परिषद्को वैठकको निर्णय र कार्यान्वयनको अवस्था**

| क्र.स. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | परिषद्को स्थायीत्व तथा नतिजामा आधारित कार्यसम्पादनको लागि परिषद्को संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) को मस्यौदा तयार गरी परिषद्को आगामी वैठकमा पेश गर्ने | मस्यौदा तयारी गरिएको |
| २ | राष्ट्रिय बाल अधिकार परिषद्को पाँच वर्षे मार्गचित्रको अन्तिम मस्यौदा तयार गर्ने | तयार गरिएको |
| ३ | बालबालिका सम्बन्धी राष्ट्रिय पुरस्कारहरूको स्थापना गर्न आवश्यक गृहकार्य गरी पुरस्कार सम्बन्धमा कार्यविधी तयार गर्ने | अवधारणापत्र तयार गरिएको |
| ४ | बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ बमोजिमको व्यवस्था अनुरूप बालबालिकासँग प्रत्यक्ष रूपमा कार्य गर्ने प्रत्येक विद्यालय, सार्वजनिक निकाय, सामाजिक संस्था एवम् निजि क्षेत्रले बालबालिका सम्बन्धी बाल संरक्षण मापदण्डको मस्यौदा तयारी गर्ने | तयार गरिएको |
| ५ | उपसमिति र विज्ञ समूह गठन गर्ने | गठन गरी कार्यान्वयनमा रहेको |

### ख. प्रदेशस्तरीय अन्तरक्रिया


बाल अधिकार प्रणाली विस्तार र सवलीकरण अन्तर्गत परिषदले प्रत्येक स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्बर्धनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ ले ब्यबस्था गरेको बाल कोष, बाल अधिकार समितिको स्थापना, स्थानीय कार्यविधिको अनुमोदन तथा बाल कल्याण अधिकारीको नियुक्तीका लागि राष्ट्रिय अभियान सञ्चालन गरिरहेको छ । यस सन्दर्भमा प्रदेश नं १, प्रदेश नं.२, बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा बाल अधिकार सुनिश्चितताका लागि प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठी कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा ५७ जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र जिल्ला समन्वय अधिकारी, सम्बन्धित प्रदेशका नागरिक संघसंस्थाहरु र प्रदेश सदरमुकाम रहेको जिल्लाका

स्थानीय तहका प्रमुख तथा उपप्रमुख गरी ३१४ जनाको सहभागिता रहेको थियो । प्रदेशस्तरीय कार्यक्रममा देहायका विषयमा प्रतिवद्धता गरिएको थियो ।

- सम्बन्धित प्रदेशका प्रत्येक जिल्ला समन्वय समितिले बालबालिका सम्बन्धी ऐन, २०७५ को व्यवस्था कार्यान्वयनका लागि जिल्लास्तरमा सबै स्थानीय तहका प्रमुख तथा प्रतिनिधिको सहभागितामा जिल्लास्तरीय अन्तरक्रिया आयोजना गर्ने
- जिल्लाभित्रका स्थानीय तहमा ऐनको प्रावधान अनुरुपका बाल संरक्षण प्रणालीको स्थापना तथा सञ्चालनका लागि आवश्यक समन्वय, अनुगमन र सहजीकरण गर्ने, र
- राष्ट्रिय बाल अधिकार परिषद्ले जिल्लास्तरीय कार्यक्रम सञ्चालनका लागि प्राविधिक सहयोग तथा सहजीकरण गर्ने ।

प्रदेशस्तरीय कार्यक्रममा रहेको सहभागिता सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ९- प्रदेशस्तरीय कार्यक्रमका सहभागिहरुको संख्या**




## ग. जिल्लास्तरीय अन्तरक्रिया

प्रदेशस्तरीय कार्यक्रममा गरिएको प्रतिवद्धता अनुसार प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश र कर्णाली प्रदेशका ३४ वटा जिल्लाका ३६६ वटा स्थानीय तहको सहभागितामा जिल्ला समन्वय समितिसँगको समन्वयमा जिल्लास्तरीय अनुशिक्षण कार्यक्रम भौतिक रूपमा सम्पन्न गरिएको थियो । यस कार्यक्रममा ७९० जना स्थानीय तहका जनप्रतिनिधि र ७३२ कर्मचारीहरूको सहभागिता रहेको थियो । यसैगरी गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका १७६ वटा पालिकासंग भर्चुअल माध्यमबाट अन्तरक्रिया गोष्ठी सम्पन्न गरिएको छ। यस कार्यक्रममा १८० जना कर्मचारीहरूको सहभागिता रहेको थियो । जिल्लास्तरीय कार्यक्रम ५४२ वटा स्थानीय तहमा कूल १७०२ जनाको

सहभागिता रहेको थियो । जिल्लास्तरमा गरिएको कार्यक्रममा विशेषत देहायका विषयहरुमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुले प्रतिवद्धता गर्नुभएको थियोः-

- प्रत्येक स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संबर्धन सम्बन्धी नीति, कार्यविधि, कार्ययोजना तथा कार्यक्रम तत्काल निर्माण गरी लागु गर्ने ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक स्थानीय तहमा स्पष्ट संरचना, काम कर्तव्य अधिकार तथा श्रोत साधन सहित स्थानीय बाल अधिकार समितिको गठन गर्ने र बाल कोषको स्थापना गर्ने ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ को व्यवस्था बमोजिम बाल कल्याण अधिकारीको स्पष्ट काम कर्तव्यको विवरण सहित नियुक्ती गर्ने ।
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा व्यवस्थापनका लागि अस्थायी संरक्षण सेवा प्रदायक, बाल मनोविज्ञ, सामाजिक कार्यकर्ताको सुचिकरण गर्ने साथै बालबालिका खोजतलास सेवा १०४, बाल हेल्पलाइन नेपाल १०९८ र नेपाल बाल संगठनको सुदृढीकरण तथा सवलीकरणका लागि सहयोग र समन्वय गर्ने।
- अर्ध बार्षिक तथा बार्षिक रुपमा स्थानीय बालसभाको आयोजना गर्ने ।
- बाल संरक्षणका लागि सेवा प्रदायकहरुको विवरण तयार गरी नक्शाङ्कन निर्माण गर्ने र आवश्यकता अनुसार सहयोग लिने, समन्वय गर्ने ।
- जिल्ला समन्वय समितिले स्थानीय तहको नीति, कार्यविधि तथा कार्यक्रम निर्माणमा समन्वय, सहजीकरण तथा अनुगमन गर्ने ।
- राष्ट्रिय बाल अधिकार परिषद्ले बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्धनका लागि आवश्यक प्राविधिक सहयोग र सहजीकरण गर्ने,

## घ. स्थानीय तहमा बाल संरक्षण प्रणालीको अवस्था

बालबालिकाको सम्बन्धी ऐन, २०७५ को प्रवाधान अनुसार स्थानीय तहमा बाल संरक्षण प्रणालीको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा बालबालिका सम्बन्धी नीतिको निर्माण गरी लागू गर्ने, स्थानीय बाल अधिकार समितिको गठन गर्ने, बालकल्याण अधिकारी नियुक्ति गर्ने, अस्थायी संरक्षण सेवाको सूचीकृत गर्ने, बालकोषको स्थापना र सञ्चालन गर्ने तथा बाल मनोविज्ञ तथा समाजसेवीको सूचीकृत गर्ने भुमिका स्थानीय तहको रहेको छ । परिषद्ले प्रदेशस्तरीय तथा जिल्लास्तरीय कार्यक्रम मार्फत स्थानीय तहमा कानूनी तथा नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि परामर्श तथा सहजीकरण गरेपश्चात र निरन्तर पालिकाको आफ्नो प्रयासमा हालसम्म बाल अधिकारको कार्यान्वयनमा देहायका प्रतिफल प्राप्त भएको छः

**चित्र नं. १० स्थानीय तहमा बाल संरक्षण प्रणाली निर्माणको अवस्था**

| प्रदेशको नाम | कार्यविधि निर्माण भएका स्थानीय तह | स्थानीय बाल अधिकार समिति गठन भएका स्थानीय तह | बालकल्याण अधिकारी नियुक्त/तोकिएका स्थानीय तह | बालकोषको स्थापना भएका स्थानीय तह |
|---|---|---|---|---|
| प्रदेश १ | ६३ | २४ | ६ | २७ |
| प्रदेश २ | १५ | ११ | ७ | ७ |
| बागमती प्रदेश | ६५ | ५५ | १९ | ६३ |
| गण्डकी प्रदेश | ८ | ८ | ३ | ११ |
| लुम्बिनी प्रदेश | १४ | ८ | ५ | १३ |
| कर्णाली प्रदेश | १५ | १६ | ९ | ११ |
| सूदूरपश्चिम प्रदेश | ६ | ७ | २ | ३ |
| जम्मा | १८६ | १२९ | ५१ | १३५ |

## २.२ संघीय तहमा बालबालिका सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाको लागि परामर्श

### क. नीति, नियम, कार्यविधि तथा कार्ययोजना निर्माण सहयोग

परिषद्ले आर्थिक वर्ष २०७७/७८ मा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिमको बालबालिका सम्बन्धी नियमावली, २०७८ को अन्तिम मस्यौदा तयारीका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सहयोग गरेको छ । नियमावलीको मस्यौदामा सरोकारवालाहरुसँगको सुझाव संकलन कार्य, संकलित सुझावहरु सहित बाल संरक्षण र बाल अधिकारका दृष्टिकोणले नियमावलीमा स्पष्ट हुनुपर्ने विषयहरुमा मन्त्रालयलाई परामर्श सहयोग उपलब्ध गराएको छ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को पुनरावलोकन गरी बाल अधिकार राष्ट्रिय नीति, २०७८ को मस्यौदा तयारी, बालबालिका सम्बन्धी १० वर्षे कार्ययोजनाको मस्यौदाको तयारी तथा संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिमा नेपालको तर्फबाट बुझाउनुपर्ने छैठौं र सातौं प्रतिवेदनको मस्यौदा तयारीको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सहयोग तथा सहजीकरण गरिएको छ । बालबालिका सम्बन्धी नीति, कार्ययोजना तथा संयुक्त राष्ट्रसंघीय बाल अधिकार समितिको प्रतिवेदन तयारीका लागि परिषद्ले विभिन्न नागरिक संगठन तथा सञ्जालहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्नुका साथै सार्वजनिक सूचना आह्वान गरी सम्बन्धित सरोकारवालाहरुबाट सुझाव संकलन कार्य सम्पन्न गरी प्राप्त सुझावहरुको आधारमा उल्लेखित नीति, कार्ययोजना तथा प्रतिवेदन तयारीका लागि मन्त्रालयलाई सहयोग गरिएको छ ।

परिषद्ले आर्थिक वर्ष २०७७/०७८ मा सडक बालबालिका उद्धार संरक्षण तथा व्यवस्थापन, बाल हेल्पलाइन (१०९८) सञ्चालन तथा व्यवस्थापन, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ सञ्चालन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय समन्वय समितिको वैठक सम्म्पन्न गरेको छ । वैठकको निर्णय अनुसार छुट्टा छुट्टै कार्यविधिमा दोहोरियका विषयहरु हटाई बाल संरक्षण तथा व्यवस्थापन एकिकृत कार्यविधि तयारी गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको छ । यसैगरी वैठकबाट सडक बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गर्न इच्छुक भई परिषदमा आवदन दिएका संस्थाहरुमध्येबाट ७ वटा संस्था छनौट गरी ८ स्थानमा सडक बालबालिकाको लागि अस्थायी संरक्षण सेवा प्रवन्ध मिलाइएको छ । बैठकबाट बाल हेल्पलाइन (१०९८) सेवा सञ्चालनका लागि परिषमा प्राप्त आवेदनहरुको लेखाजोखा तथा मूल्याङ्कन गरी ११ वटा संस्थामार्फत १८ स्थानमा बाल हेल्पलाइन (१०९८) सेवा सञ्चालनका लागि अनुमति प्रदान गरिएको छ ।

यसैगरी यस आर्थिक वर्षमा बसेको परिषद्को बोर्ड वैठकबाट नीतिगत व्यवस्थाका सम्बन्धमा देहाय बमोजिमको निर्णयहरु गरेको छः-

- समाजमा उल्लेखनीय कार्य गरेका वा भूमिका खेलेका बालबालिकाहरु तथा बाल अधिकारको क्षेत्रमा भएका असल कार्यहरु तथा योगदान दिएका ब्यक्तिहरुलाई प्रोत्साहन गर्न, यस्ता अभ्यासहरुको प्रवर्धन गर्न तथा सम्मानका लागि राष्ट्रिय बाल पुरस्कारको स्थापनाका लागि आवश्यक कार्यविधि निर्माण गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका बालबालिका सम्बन्धी महाशाखा प्रमुखको संयोजकत्वमा पाँच सकार्यदल गठन गर्ने
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ बमोजिमको व्यवस्था अनुरूप बालबालिकासँग प्रत्यक्ष रूपमा कार्य गर्ने प्रत्येक विद्यालय, सार्वजनिक निकाय, सामाजिक संस्था एवम् निजि क्षेत्रले बालबालिका सम्बन्धी बाल संरक्षण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था बमोजिम परिषद्ले नमुना बाल संरक्षण मापदण्ड निर्माण गर्ने

परिषदको वैठकको निर्णयानुसार कार्यदलले बालबालिका सम्बन्धी राष्ट्रिय पुरस्काहरु सम्बन्धी अवधारणा पत्र तयार गरेको छ । यसैगरी विद्यालय, सार्वजनिक निकाय, सामाजिक संस्था एवम् निजि क्षेत्रका लागि नमुना बाल संरक्षण मापदण्डको मस्यौदा तयारी गरेको छ ।

## ख. राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढीकरण

जोखिममा परेका बालबालिकाको आपतकाली उद्धार, संरक्षण, मनोविमर्श तथा आवश्यक सहयोगका लागि गत आर्थिक वर्ष देशभरीका १२ स्थानमा बाल हेल्पलाइन (१०९८) सेवा सञ्चालन गर्दै आएकोमा पन्ध्रौ योजनाको कार्यनीति अनुरुप आ.व. २०७७/०७८ मा यो सेवालाई विस्तार गरी १८ स्थानमा पुऱ्याइ यस सेवाको पहुँच एको छ । यसबाट बाल हेल्पलाइन सेवामा बालबालिकाको पहुँचमा वृद्धि हुनुका साथै बाल हेल्पलाइन (१०९८) सेवाबाट लाभान्वित हुने बालबालिकाको संख्यामा वृद्धि भएको छ । हाल बाल हेल्पलाइन सञ्चालनमा रहेका स्थान र यसको पहुँच जिल्लाहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः ५ बाल हेल्पलाइन सेवा सञ्चालनमा रहेका स्थान र पहुँच पुगेका जिल्लाहरु**

| क्र.स. | संस्थाको नाम र ठेगाना | आधार जिल्ला र स्थान | पहुँच पुऱ्याउनु पर्ने जिल्लाहरू |
|---|---|---|---|
| १. | सामाजिक सेवा केन्द्र, दैलेख | दैलेख बजार, दैलेख | दैलेख, कालिकोट, हुम्ला, सुर्खेत र जाजरकोट |
| | | कालिकोट | कालिकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पा |
| २. | आवाज संस्था, सुर्खेत | बिरेन्द्रनगर, सुर्खेत | सुर्खेत, जाजरकोट, जुम्ला, मुगु, सल्यान, पश्चिम रुकुम |
| ३. | पिसविन, बाजुरा | बाजुरा | बाजुरा, अछाम, डोटी, बझाङ, मुगु र कैलाली |
| ४. | नेपाल सामाजिक विकास तथा जनशसक्तिकरण केन्द्र (नेस्पेक), उदयपुर | गाइघाट, उदयपुर | उदयपुर, खोटाङ, ओखलढुङ्गा, सिन्धुली र सोलुखुम्बु |
| ५. | बाल आवाज (भ्वाइस अफ चिल्ड्रेन), सुनसरी | इटहरी, सुनसरी | सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर |
| ६. | दियालो परिवार चितवन | नारायणगढ, चितवन | चितवन, धादिङ, नवलपरासी, (वर्दघाट सुस्ता पूर्व), गोरखा, लमजुङ र तनहुँ |
| ७. | सिविन नेपाल, काठमाण्डौ | काठमाण्डौ | काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट, काभ्रे र सिन्धुपाल्चोक, दोलखा, रामेछाप, रसुवा |
| | | नेपालगञ्ज, बाँके | बाँके, बर्दिया, दाङ, सल्यान, रुकुम र रोल्पा, प्युठान |
| | | हेटौडा, मकवानपुर | मकवानपुर, बारा, पर्सा, ललितपुर र रौतहट |
| | | पोखरा, कास्की | कास्की, तनहुँ, गोरखा, लमजुङ, स्याङ्जा, पर्वत, बाग्लुङ, स्याग्दी, मनाङ र मुस्ताङ |
| | | धनगढी, कैलाली | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, दार्चुला, बैतडी र बझाङ् |
| | | विराटनगर, मोरङ | मोरङ, झापा, धनकुटा, तेह्रथुम, ईलाम र पाँचथर |
| | | रूपन्देही, बुटवल | रूपन्देही, अर्घाखाँची, कपिलबस्तु, गुल्मी र पाल्पा |
| ८. | मानव अधिकार मञ्च, इलाम | इलाम | इलाम, पाँचथर, झापा र ताप्लेजुङ |
| ९. | आसमान नेपाल, धनुषा | धनुषा, जनकपुर | धनुषा, सप्तरी, सिरहा, महोत्तरी, सिन्धुली |
| १०. | संरक्षण नेपाल, बारा | कलैया, बारा | बारा, पर्सा, सर्लाही र रौतहट |
| ११. | मकालु त्रिशक्ति समूह (माट्स नेपाल), संखुवासभा | संखुवासभा | संखुवासभा, तेह्रथुम, भोजपुर र धनकुटा |

राष्ट्रिय बाल अधिकार परिषद्ले सडक बालबालिका उद्धार संरक्षण तथा व्यवस्थापन कार्यका लागि अस्थायी संरक्षण सेवा प्रदान गर्न इच्छुक मापदण्ड पुगेका संस्थाहरुबाट माग गरेको आवेदनहरुको लेखाजोखाका आधारमा परिषदमा सूचीकृत गरिएका अस्थायी संरक्षण सेवा केन्द्रहरु र भूमिका तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः ६ सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रहरुको नाम र भूमिका**

| क्र.स | संस्थाको नाम र ठेगाना | कार्यक्षेत्र | संस्थाको भुमिका | कैफियत |
|---|---|---|---|---|
| १ | सोबर रिकभरी तथा उपचार तथा पुनःस्थापना केन्द्र संस्था दर्ता भएको जिल्ला-काठमाडौं | काठमाण्डौ उपत्यका | काठमाण्डौ र भक्तपुरबाट उद्धार गरिएका सडक बालबालिकाको संरक्षण व्यवस्थापनका लागि ड्रप इन सेन्टर तथा लागु पदार्थ दुर्व्यसन पुनः स्थापना केन्द्रको रूपमा कार्यसम्पादन गर्ने | |
| २ | बाल आवाज, ललितपुर, संस्था दर्ता भएको जिल्ला-ललितपुर | ललितपुर | ललितपुर जिल्लाबाट उद्धार गरिएका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि ड्रप इन सेन्टर तथा सामिजकीकरण र पुनः स्थापना केन्द्रको रूपमा कार्यसम्पादन गर्ने | |
| ३ | बाल आवाज, सुनसरी, संस्था दर्ता भएको जिल्ला -ललितपुर | प्रदेश नं. १ का सबै जिल्लाहरू | प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरूबाट उद्धार गरिएका बालबालिकाको ड्रप इन सेन्टर तथा सामिजकीकरण र पुनः स्थापना केन्द्रको रूपमा कार्यसम्पादन गर्ने | लागू औषध दुर्व्यशनीमा रहेका बालबालिकालाई काठमाण्डौमा ल्याइ पुनर्स्थापना गर्ने |
| ४ | युथ क्लब, दर्ता भएको जिल्ला-चितवन | चितवन, हेटौडा, विरगञ्ज | चितवन, हेटौडा, विरगञ्जबाट उद्धार गरिएका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि ड्रप इन सेन्टर तथा पुनः स्थापना केन्द्रको रूपमा कार्यसम्पादन गर्ने | लागू औषध दुर्व्यशनीमा रहेका बालबालिकालाई पोखरा वा काठमाण्डौमा ल्याइ पुनर्स्थापना गर्ने |
| ५ | श्रमिक बालबालिकाहरुको लागि सामाजिक एकीकरण मञ्त्र (चिल्ड्रेन नेपाल) | पोखरा | कास्की जिल्लाबाट उद्धार गरिएका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि पुनः स्थापना केन्द्रको रूपमा कार्यसम्पादन गर्ने | लागू औषध दुर्व्यशनीमा रहेका बालबालिकालाई पोखरा वा काठमाण्डौमा ल्याइ पुनर्स्थापना गर्ने |
| ६ | बाल हितकारी परियोजना, दर्ता भएको जिल्ला- काठमाडौं | कास्की | कास्की जिल्लाबाट उद्धार गरिएका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि ड्रप इन सेन्टर तथा पुनः | लागू औषध दुर्व्यशनीमा रहेका बालबालिकालाई |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थापना केन्द्रको रूपमा कार्यसम्पादन गर्ने | पोखरा वा काठमाण्डौमा ल्याइ पुनर्स्थापना गर्ने |
| ७ | भैरव युवा सशक्तिकरण केन्द्र, दर्ता भएको जिल्ला- सुर्खेत | सुर्खेत | सुर्खेत तथा आसपासका जिल्लाबाट उद्धार गरिएका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि ड्रपइन सेन्टर तथा पुनःस्थापना केन्द्रको रूपमा कार्यसम्पादन गर्ने | लागू औषध दुर्व्यशनीमा रहेका बालबालिकालाई पोखरा वा काठमाण्डौमा ल्याइ पुनर्स्थापना गर्ने |
| ८ | सिर्जनशील संस्था नेपाल | बुटवल | बुटवल, भैरहवा तथा आसपासका क्षेत्रबाट उद्धार गरिएका सडक बालिकाको संरक्षण व्यवस्थापनका लागि ड्रप इन सेन्टर तथा पुनः स्थापना केन्द्रको रूपमा कार्यसम्पादन गर्ने | लागू औषध दुर्व्यशनीमा रहेका बालबालिकालाई पोखरा वा काठमाण्डौमा ल्याइ पुनर्स्थापना गर्ने |

परिषद्ले यस आर्थिक वर्षमा सार्वजनिक सूचना प्रकाशित गरी बेवारिस फेला परेका तथा घर परिवार वा ठेगाना पत्ता नलागेका वा बाल गृहबाट उद्धार गरी पारिवारिक पुनर्मिलन वा दीर्घकालीन पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा प्रबन्ध उपलब्ध गराउन सहकार्यका लागि सूचीकरणका लागि इच्छुक बाल गृह वा सेवा प्रदायक संघ संस्थाबाट आवेदन माग गरेकोमा प्राप्त आवेदनहरुको लेखाजोखा गरी २८ वटा संस्थालई अस्थायी संरक्षण सेवा केन्द्रको रुपमा सूचीकृत गरेको छ । सूचीकृत गरिएका अस्थायी संरक्षण सेवा प्रदायक संस्थाको नाम र ठेगाना तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७- परिषदमा सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्रको सूची**

| क.स. | संस्थाको नाम र ठेगाना |
|---|---|
| १ | मानव सेवा आश्रम, मकवानपुर |
| २ | महिला तथा बालबालिका सरोकार केन्द्र, सुनसरी |
| ३ | माया घर नेपाल, सुनसरी |
| ४ | साझा सवालका लागि साझा मञ्च (कोकन), काठमाडौं |
| ५ | ग्रामीण जीवनस्तर सुधार मञ्च, मकवानपुर |
| ६ | बेथानी भिजन, काठमाडौं |
| ७ | एक्सेस, काठमाडौं |
| ८ | हिमाली नवीन समाज, काठमाडौं |
| ९ | छोरी, काठमाडौं |
| १० | शक्ति समूह, काठमाडौं |
| ११ | चेतन अभिवृद्दि केन्द्र (क्याप नेपाल), काठमाडौं । |

| | |
|---|---|
| १२ | शक्ति मिलन समाज, काठमाडौं । |
| १३ | कुमुदिनी काठमाडौं |
| १४ | महिला आत्म निर्भरता केन्द्र, सिन्धुपाल्चोक |
| १५ | नेपाल गुडविभ फाउण्डेसन |
| १६ | कोशिश (राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन), काठमाडौं |
| १७ | युसेप नेपाल, सानो ठिमी, भक्तपुर |
| १८ | ॐ अपाङ्गता बालबालिका स्याहार केन्द्र, स्युचाटार काठमाडौं |
| १९ | द्वन्द्व पीडित तथा अपाङ्ग समाज नेपाल |
| २० | एपीसी नेपाल, काठमाडौं |

परिषद्ले चालू आर्थिक वर्षमा बाल संरक्षण प्रणालीको सुदृढीकरण गर्ने सम्बन्धमा बालबालिका खोजतलास समन्वय केन्द्रको प्रदेशस्तमा विस्तारका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र नेपाल प्रहरीसँग नीतिगत परामर्श गरेको छ । यसबाट आर्थिक वर्ष २०७७/०७८ मा बालबालिका खोजतलास सेवाको विस्तारका लागि प्रदेश नं. १, प्रदेश नं. २ र लुम्बिनी प्रदेशमा आवश्यक भौतिक पुर्वाधार निर्माण तथा मर्मत कार्यका लागि मन्त्रालयबाट सहजीकरण भएको छ । चालू आ.व.को असार मसान्तसम्ममा उल्लेखित तीन वटै प्रदेशमा बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र सञ्चालनका लागि भौतिक संरचनाको कार्य सम्पन्न गरिएको छ ।

## ग. उपसमिति तथा विज्ञ समूहको परिचालन

बालबालिकाका विषयहरुमा हुने अध्ययन अनुसन्धान, प्रकाशन हुने सञ्चार सामग्री लाइ व्यवस्थित ढंगले अभिलेखीकरण, बालगृहहरुको अनुगमन, परिषद् र नागरिक संगठन तथा सञ्जालहरुसँगको सहकार्यलाइ व्यवस्थित रुपमा सञ्चालन गर्न जरुरी देखिएको तथा परिषद्लाइ आवश्यकता अनुसार बाल अधिकारका क्षेत्रमा परामर्श गर्न विज्ञ समूह आवश्यक भई बालबालिका सम्बन्धी नियमावली, २०५१ (दोस्रो संशोधन, २०७६) को नियम ४ बमोजिम परिषदमा चार वटा विषयगत उपसमिती र एक वटा विज्ञ समूह गठन गरिएको छ । यसरी गठन गरिएका उपसमितिहरुको मुख्यक कार्यहरु र यस आर्थिक वर्षमा सम्पन्न भएका कार्यहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८- उपसमिति तथा विज्ञ समूहबाट भएका कार्यहरु**

| उपसमिति | मुख्य जिम्मेवारी | गरिएका कार्य विवरण | कैफियत |
|---|---|---|---|
| बालबालिका सम्बन्धी सूचना सामग्री प्रमाणीकरण उप-समिति | गैरसरकारी तथा निजी क्षेत्रबाट बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि उत्पादन गरिएका सूचना सामग्रीहरुको कानूनी, व्यवहारिक सान्दर्भिकता र औचित्यताका आधारमा | • बालबालिका सम्बन्धी सूचना प्रमाणीकरण उपसमितिको दुई पटक वैठक सम्पन्न गरिएको<br>• जि.एन.आइ., सेभ द चल्ड्रेन र शक्ति समूहले संस्थाले पेश गरेको एक वटा भिडियो पि.एस.ए, छ वटा अडियो | कूल १० किसिमका प्रचार प्रसार सामग्रीको प्रमाणीकरण गरिएको |

| | | | |
|---|---|---|---|
| | प्रमाणीकरणका लागि सिफारिस गर्ने | पि.एस.ए र तीन वटा प्रकाशन सामग्रीको अध्ययन तथा विश्लेषण गरी प्रमाणीकरणका लागि परिषदमा सिफारिस गरिएको | |
| बालबालिका सम्बन्धी अध्ययन अनुसन्धान उपसमिति | गैरसरकारी तथा निजी क्षेत्रबाट हुने बाल अधिकार तथा बालबालिका सम्बन्धी अध्ययन अनुसन्धानको प्रस्ताव तथा प्रतिवेदनको समीक्षा गरी परिषदबाट मान्यता प्रदान गर्न सिफारिस गर्ने | • ४ पटक बैठक सम्पन्न<br>• सेलर्डबाट गर्न लागिएको बालगृहमा कानूनी प्रावधानको अभ्याशहरु विषयको अध्ययन प्रस्तावमा आवश्यक सुझाव सहित स्वीकृतितका लागि सिफारिस गरिएको<br>• परिषद्ले गरेको विपदमा बाल संरक्षणको अवस्था र बाल विवाहको राष्ट्रिय अवस्था सम्बन्धी अध्ययन प्रस्तावमा आवश्यक सुझाव सहित स्वीकृतिका लागि पेश गरिएको<br>• परिषद्ले प्रकासन गर्न लागेको बालबालिका सम्बन्धी राष्ट्रिय जर्नलको ढाँचा तयारी गरी स्वीकृतिका लागि पेश गरिएको | तीन वटा अध्यन प्रस्ताव र राष्ट्रिय जर्नलको ढाँचा स्वीकृत गरिएको |
| बाल गृह अनुगमन उपसमिति | परिषद् सचिवालयबाट हुने बालगृहको नियमित अनुगमनमा आवश्यकता अनुसार सहभागी हुने र बालगृह अनुगमन प्रतिवेदनको विश्लेषण गरी कार्यान्वयनका लागि सिफारिस गर्ने | • २ पटक उपसमितिको बैठक सम्पन्न गरिएको<br>• बालगृह अनुगमन शाखाबाट अनुगमनका क्रममा मापदण्ड विपरित सञ्चालन भएको भनी सिफारिस भएका ललितपुर जिल्लाका ५ वटा बालगृहहरुको अनुगमन गरी आवश्यक सुधारका लागि ताकेता गरिएको | |
| नागरिक संगठन समन्वय उपसमिति | बाल अधिकार तथा बालबालिकाको क्षेत्रमा क्रियाशील नागरिक सङ्गठन तथा सञ्जालहरुको विवरण तयार गरी नियमित | • १ पटक उपसमितिको बैठक सम्पन्न गरिएको<br>• तीनवटा नागरिक संगठन सञ्जालबाट कार्यक्रम साझेदारीका लागि पेश गरिएको प्रस्तावमा | |

| | | | |
|---|---|---|---|
| | सम्पर्क र समन्वय गर्ने र सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्न पर्ने भए सो कार्यक्रममा परिषद्को संलग्नताका लागि सिफारिस गर्ने । | आवश्यक सुझाव सहित स्वीकृतिका लागि पेश गरिएको | |

# परिच्छेद- ३

## राष्ट्रिय बाल संरक्षण संयन्त्र तथा बाल संरक्षण सेवा

### १. बालबालिका खोजतलास समन्वय केन्द्र १०४

- हराएका ३६५८ बालबालिकामध्ये ३००९ जना बालबालिकाको खोजी गरी परिवारमा पुनर्मिलन
- वारिसे फेला परेका १९७ जना बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन
- ३५५ जना सडक बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन
- ५८ जना जोखिमपूर्ण कार्यमा संलग्न तथा सडकमा वस्तु विनिमयमा संलग्न रहेका बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन

### २. बाल हेल्पलाइन (१०९८) नेपाल

- जोखिमपूर्ण अवस्थामा रहेका र तत्काल उद्धारको आवश्यकता भएका ७१६ जना बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन
- १०३६८ जना बालबालिका लाई बाल हेल्पलाइन सेवा प्रदान

### ३. बाल संरक्षण सेवा

- ४७ जना बालबालिकालाई आर्थिक राहत सहयोग प्रदान
- १५७ जना बालबालिकाको घटना व्यवस्थापन प्रक्रियामा सहयोग तथा सहजीकरण
- ८ जना बालबालिकाको जन्मदर्ता र १ जना बालिकाको नागरिकता निर्माणका लागि सहजीकरण तथा समन्वय
- ५ वटा प्रदेशका ७ वटा स्थानीय तहका ८१ जना बाबु आमा विहिन बालबालिकालाई सहयोग
- १६३ वटा बालगृहको भौतिक उपस्थितिमा अनुगमन र बालगृहमा आश्रित ३३८२ बालबालिकाको अवस्थाको अनुगमन
- मापदण्ड विपरित सञ्चालनमा रहेका ८ वटा बालगृहबाट ७३ जना बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन
- १८ जिल्लाका ४७ वटा स्थानीय तहका ३५९ वटा बालगृहका प्रमुख तथा प्रतिनिधिहरुलाई आवासीय बालगृह सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड तथा विद्यमान कानुनी व्यवस्थाहरुको बारेमा अभिमूखीकरण


परिषद्को कार्यक्षेत्र अनुसार जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि राष्ट्रिय बाल संरक्षण प्रणाली सञ्चालन गर्दै आएको छ । यसरी सञ्चालनमा रहेका राष्ट्रिय बाल संरक्षण प्रणालीहरुबाट यस आर्थिक वर्षमा गरिएका कार्य प्रगति तथा बाल संरक्षण सेवा प्रवाह सम्बन्धी विवरण तल उल्लेख गरिएको छ ।

## ३.१ बालबालिका खोजतलास समन्वय केन्द्र १०४ बाट भएका कार्यप्रगतिहरु

### क. हराएका बालबालिकाको खोजतलास तथा पारिवारिक पुनर्मिलन

बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ बाट यस आ.व. को असार मसान्त सम्ममा हराएर उजुरी दर्ता भएका कूल ३६५८ (बालक-८४९, बालिका-२८०९) जना बालबालिकामध्ये ३००९ (८२.२६ प्रतिशत) जना (बालक-७१२, बालिका-२२९७) बालबालिकाको खोजी गरी परिवारमा पुनर्मिलन गरिएको छ । बाँकी ६४९ (१७.७४ प्रतिशत) जना (बालक १३७ र बालिका ५१२) बालबालिकाको खोजिकार्य जारी रहेको छ । सम्बन्धित व्यक्ति तथा परिवारले बालबालिका हराएको उजुरी गर्ने तर फेलापरेपछि खबर नगर्ने, प्रदेशतहमा बालबालिका खोजतलास सेवा तथा सीमापार पुगेका बालबालिकाको खोजीका लागि समन्वयकारी निकायको अभाव हुनु जस्ता कारणपनि हराएका र फेलापरेका बालबालिकाबीचको अन्तर रहन गएको देखिन्छ । प्रदेशगत रुपमा हराएका र फेला परेका बालबालिकाको संख्यात्मक विवरण तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र ११- प्रदेशगत रुपमा हराएका र फेला परेका बालबालिकाको संख्यात्मक विवरण**





परिषदको राष्ट्रिय बाल संरक्षण प्रणाली सुद्दढीकरण अभियान अन्तर्गत हराएका, अपहरणमा परेका, बेवारिसे फेला परेका, बेचविखन तथा ओसारपसारमा परेका तथा सडक बालबालिकाको उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि प्रदेश तहमा बालबालिका खोजतलास सेवा विस्तारको प्रयासमा परिषद सक्रिय रूपमा लागि रहेको छ । आगामी आ.व.भित्र सातै प्रदेशमा यो सेवा विस्तार हुनेछ भने संघीय तहमा बालबालिका खोजतलास समन्वय केन्द्रको सुद्दढीकरण तथा प्रभावकारिता वृद्धि गरी फेला पर्ने बालबालिकाको प्रतिशत वृद्धि गरिनेछ ।

### ख. वेवारिस फेला परेका बालबालिकाको उद्धार संरक्षण तथा व्यवस्थापन

यस आ.व.मा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मार्फत परिषद्ले वेवारिसे फेला परेका १९७ जना (बालक-१०६, बालिका-९१) बालबालिकामध्ये १०६ जना (बालक-५४, बालिका-५२) लाई परिवारमा पुनर्मिलन गरिएको र ९१ जना (बालक-५३, बालिका-३८) लाई अस्थायी संरक्षण सेवामा राखिएको छ । बालबालिका खोजतलास सेवाबाट उद्धार गरिएका वेवारिस बालबालिकाको संख्या तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

चित्र-१२ वेवारिस भेटिएका र संरक्षण व्यवस्थापन गरिएका बालबालिकाको संख्या




### ग. सडक बालबालिकाको उद्धार संरक्षण तथा व्यवस्थापन


चालू आर्थिक वर्ष २०७७/०७८ मा ३५५ जना (बालक ३०१ र बालिका ५४) सडक बालबालिकाको उद्धार गरिएको छ । उद्धार गरिएका बालबालिका मध्ये आवश्यक सेवा प्रदान गरी ५८ (बालक ४६ र बालिका १२) जनालाई परिवारमा पुनर्मिलन गरिएको छ । यसैगरी २९७ जना (बालक २५५ र ४२ बालिका) बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको छ । अस्थायी संरक्षणमा राखिएकामध्ये सडकमा

रहँदा विविध खाले लागू औषध दूर्व्यसनमा फसेका २०८ जना (बालक १५१ र बालिका ५७) बालबालिकालाई लागू औषध उपचार सेवा प्रदान गरिएको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा सडकबाट उद्धार गरी सामाजिकीकरण प्रक्रियाका लागि अस्थायी संरक्षणमा राखिएका र गत आर्थिक वर्षहरुदेखि नै यस प्रक्रियामा रहेका ३९१ जना सडक बालबालिकाको विस्तृत घटना व्यवस्थापन योजना बनाई कार्यान्वयनमा ल्याइएको छ । यसै अनुरुप सामाजिक पुनःस्थापनाका लागि तयार भएका ३० जना बालबालिकालाई रुची तथा दक्षताका आधारमा सीपमूलक तालिममा सहभागी गराइएको छ ।

यस आर्थिक वर्षमा उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएका ३५५ जना सडक बालबालिकाको उमेर अनुसारको विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ ।


**चित्र नं. १३ उमेर समूह अनुसार उद्धार गरिएका सडक बालबालिकाको संख्या**




**घ. जोखिमपूर्ण कार्यमा रहेका बालबालिकाको उद्धार संरक्षण तथा व्यवस्थापन**


परिषद्ले यस आर्थिक वर्षमा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मार्फत ५८ जना (बालक ४७, बालिका ११) जोखिमपूर्ण कार्यमा संलग्न रहेका तथा सडकमा वस्तु विनिमयमा संलग्न रहेका बालबालिकाको उद्धार गरी संरक्षण र व्यवस्थापन गरेको छ । जोखिमपूर्ण कार्यबाट उद्धार गरी पारिवारिक पुनर्मिलन गरिएका बालबालिका सबैभन्दा धेरै प्रदेश नं. २ स्थायी ठेगाना भएका ५१ जना रहेका छन् । बालबालिकाको प्रदेशगत तथ्याङ्क तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १४ जोखिमपूर्ण कार्यमा संलग्न रहेका बालबालिकाको संख्या**




उद्धार गरिएका बालबालिकाको श्रममा संलग्नताको प्रकार तलको चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १५ जोखिमपूर्ण कार्यबाट उद्धार गरिएका बालबालिकाको संख्या**





## ३.२ बाल हेल्पलाइन (१०९८) सेवा केन्द्रहरुमार्फत गरिएका कार्यप्रगतिहरु

### (क) जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार र संरक्षण

जोखिममा परेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि परिषदले सामाजिक संस्थामार्फत देशभरीका १८ स्थानमा सञ्चालन गरिरहेको नि:शुल्क बाल हेल्पलाईन (१०९८) सेवाबाट जोखिमपूर्ण अवस्थामा रहेका र तत्काल उद्धारको आवश्यकता भएका ६६१ (बालक:- २६७, बालिका:- ३९४) जना र अन्य नियकायबाट उद्धार भई थप सेवाका लागि बाल हेल्पलाइन सेवा केन्द्रहरुमा रेफर


भई आएका ५५ जना (बालक २८, बालिका २७) गरी कूल ७१६ जना बालबालिकालाई अस्थायी संरक्षणको प्रवन्धका साथै अन्य बाल हेल्पलाइन सेवा प्रदान गरिएको छ । बाल हेल्पलाइन सेवा केन्द्रहरुबाट उद्धार गरिएका बालबालिका बालबालिकाको विस्तृत लेखाजोखाको आधारमा घटना व्यवस्थापन योजना बनाई घटना सम्बोधन गरिएको छ । परिषद्ले बाल हेल्पलाइन सेवामार्फत यस आर्थिक वर्षमा उद्धार गरेका बालबालिकाको संख्यात्मक विवरण तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छः-

**चित्र नं. १६ बाल हेल्पलाइनमार्फत उद्धार गरिएका बालबालिकाको संख्या**





बाल हेल्पलाइन सेवा केन्द्रहरुबाट उद्धार गरिएका र अन्य निकायबाट रेफर भई आएका ७१६ जना बालबालबालिकाको व्यवस्थापन सम्बन्धी संख्यात्मक विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र १७:- बाल हेल्पलाइन (१०९८) सेवा केन्द्रहरुबाट उद्धार तथा व्यवस्थापन गरिएका बालबालिकाको संख्या**



बाल हेल्पलाइन (१०९८) सेवा केन्द्रहरुमा मार्फत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यक सेवा प्रदान गर्दै आएको छ । बाल हेल्पलाइन सेवा केन्द्रहरुमार्फत यस आर्थिक वर्षमा १०३६८ जना बालबालिका (बालक ४१३७ र बालिका ६२३१) लाई देहाय बमोजिम बाल संरक्षण सम्बन्धी विविध सहायताहरु प्रदान गरिएको छ।

**चित्र १८- बाल हेल्पलाइन (१०९८) सेवा केन्द्रहरुबाट प्रदान गरिएको सेवाको संख्या**





## ३.३ विशेष संरक्षणको आवश्यकता भएका बालबालिका लक्षित सहयोग

### (क) आर्थिक राहत सहयोग

आर्थिक वर्ष २०७७/०७८ मा देशभरीका विभिन्न स्थानका बालबालिका तथा संरक्षकले दिएको निवेदनहरुको लेखाजोखा गरी परिषदले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका ४७ जना बालबालिकालाई (बालक-३४, बालिका-१३) आर्थिक राहत सहयोग उपलब्ध गराएको छ । आर्थिक सहयोगको प्रकार अनुसारको बालबालिकाको विवरण तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।


**चित्र नं. १९  आर्थिक राहत सहयोग उपलब्ध गराइएका बालबालिकाको संख्या**



## (ख) बाल संरक्षण घटना व्यवस्थापन सहयोग तथा सहजीकरण

यस आर्थिक वर्षमा परिषद्ले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका १५७ जना बालबालिकाको (बालक-९५, बालिका-६२) घटना व्यवस्थापन प्रक्रियामा सहयोग तथा सहजीकरण गरेको छ । विभिन्न अवस्थाबाट जोखिममा परेका बालबालिकाको घटनाको प्रकृति अनुसारको घटना व्यवस्थापन सहयोग तथा सहजीकरण गरिएका बालबालिकाको संख्यात्मक विवरण तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं २०- घटना व्यवस्थापन सहयोग तथा सहजीकरण गरिएका घटनाहरुको संख्या**




परिषदबाट घटना व्यवस्थापन सहयोग तथा सहजीकरण गरिएका १५७ जना बालबालिकामध्ये यस आर्थिक वर्षको असार मसान्त सम्ममा ५६ जना बालबालिकालाई परिवारमा पुनर्मिलन गरिएको छ भने बाँकी १०१ जना बालबालिकालाई अस्थायी संरक्षणमा राखी घटना व्यवस्थापन योजना अनुसार घटना व्यवस्थापन प्रक्रिया अगाडी बढाइएको छ ।

## (ग) जन्मदर्ता सहजीकरण

परिषद्ले अस्थायी संरक्षणमा रहेका जन्मदर्ता नभएका बालबालिकाको जन्मदर्ता प्रक्रियाको लागि सम्बन्धीत अस्थायी संरक्षण सेवा प्रदायक संस्थाहरुसँग बालबालिकाको विवरण संकलन कार्य शुरु गरेको छ । हाल १६ वटा अस्थायी संरक्षण सेवा केन्द्रहरुबाट प्राप्त विवरण अनुसार जम्मा आश्रीत ५१० जना बालबालिका (बालक-३८४, बालिका-१२६) मध्ये ३१५ जना बालबालिका (बालक २५३, बालिका- ६२) को जन्मदर्ता नभएको पाइएको छ । जन्मदर्ता नभएका बालबालिकाको थप विवरणका लागि परिषद्ले आवश्यक समन्वय गरी ती बालबालिकाको जन्मदर्ताको लागि आवश्यक समन्वयको कार्य अघी बढाइएको छ ।

यसैगरी परिषद्ले यस आर्थिक वर्षमा ८ जना बालबालिका (बालक-४, बालिका-४) को जन्मदर्ता र १ जना बालिकाको नागरिकता निर्माणका लागि सहजीकरण तथा समन्वय गरेको छ ।

### (घ) बाबुआमा विहिन बालबालिकाको वैकल्पिक स्हारका लागि सहयोग

परिषद्ले प्रदेश सामाजिक विकास मन्त्रालयहरू, नगरपालिका/गाँउपालिका महासंघसँगको समन्वयमा प्रदेश नं. १ को ५ वटा स्थानीय तहबाट १४२ जना, बागमती प्रदेशका ९ स्थानीय तहबाट ३७४ जना, गण्डकी प्रदेशका ८ स्थानीय तहबाट ३७४ जना, प्रदेश नं. ५ का २२ स्थानीय तहबाट ७७३ जना, कर्णाली प्रदेशका १३ स्थानीय तहबाट ५९९ जना र सुदूरपश्चिम प्रदेशका २५ वटा स्थानीय तहबाट ६९५ जना गरी छ वटा प्रदेशहरुका कूल ८२ वटा स्थानीय तहहरूबाट २,९५७ बाबुआमा विहिन बालबालिकाको विवरण प्राप्त गरेको छ । प्राप्त विवरणको आधारमा बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६ को व्यवस्था बमोजिम आवश्यक कागजातहरुको माग गरिएकोमा आवश्यक कागजात प्रतप्त भएका ५ वटा प्रदेशका ७ वटा स्थानीय तहका ८१ जना बाबु आमा विहिन बालबालिकाको वैकल्पिक स्याहार प्रवर्धनका लागि आर्थिक सहयोग उपलब्ध गराएको छ । सहयोग उपलब्ध गराइएका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका-९ संरक्षण सहयोग गरिएका अभिभावक विहिन बालबालिकाको संख्या**

| प्रदेश | स्थानीय तह | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| प्रदेश नं. १ | धनकुटा नगरपालिका | ८ | ९ | १७ |
| | दमक नगरपालिका | १४ | ७ | २१ |
| | बराहपोखरी गाँउपालिका | १ | १ | २ |
| गण्डकी प्रदेश | आँधीखोला गाँउपालिका | ९ | १४ | २३ |
| लुम्बीनि प्रदेश | कालिगण्डकी गाँउपालिका | ७ | ३ | १० |
| कर्णाली प्रदेश | रास्कोट नगरपालिका | २ | २ | ४ |
| सूदूर पश्चिम प्रदेश | अपिहिमाल गाँउपालिका | ४ | ० | ४ |
| | जम्मा | ४५ | ३६ | ८१ |

## ४.४ बालगृह अनुगमन, बालबालिकाको उद्धार, संरक्षण, क्षमता अभिबृद्धि

### (क) बालगृह अनुगमन तथा उद्धार


परिषद्को अभिलेखमा रहेका देशभर सञ्चालनमा रहेका कूल ४८९ वटा बालगृहहरुमध्ये यस आर्थिक वर्ष २०७७/०७८ मा काठमाडौ, ललितपुर, भक्तपुर, चितवन र तनहु जिल्लाका १७ वटा स्थानीय तहका १६३ वटा बालगृहको भौतिक उपस्थितिमा अनुगमन गरी ती बालगृहमा आश्रित ३३८२ (बालक- १६०१, बालिका-१७८१) बालबालिकाको अवस्थाको जानकारी लिइएको छ । अनुगमनको क्रममा मापदण्ड विपरित सञ्चालनमा रहेका ८ वटा बालगृहबाट ७३ जना बालबालिकाको उद्धार गरी घटना व्यवस्थापन प्रक्रिया अनुसार संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका बालबालिकाको संख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १० बालगृहबाट उद्धार गरिएका बालबालिका सम्बन्धी विवरण

| प्रदेश | जिल्ला | स्थानीय तह | उद्दार गरिएका बालबालिका | | |
|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा |
| बाग्मती प्रदेश | काठमाडौं | गोर्कर्णेश्वर नगरपालिका ५ नारायणटार | ३ | ५ | ८ |
| | | कागेश्वरी मनोहरा नगरपालिका ५ थली | ८ | १२ | २० |
| | | तारकेश्वर नगरपालिका ६ अरखुं | ७ | १ | ८ |
| | | बुढानिलकण्ठ नगरपालिका ११ कपन | ० | ११ | ११ |
| | | टोखा नगरपालिका ८ ग्राण्डीभिल्ला | ४ | ६ | १० |
| | | बुढानीलकण्ठ ७, गोल्फुटार | २ | 0 | २ |
| | **जम्मा** | **जम्मा** | २४ | ३५ | ५९ |
| | चितवन | रत्ननगर नगरपालिका ६ सौराहा | १ | ३ | ४ |
| | | रत्ननगर नगरपालिका ९ | १० | ० | १० |
| | **जम्मा** | | ११ | ३ | १४ |
| | | **कूल जम्मा** | ३५ | ३८ | ७३ |


उद्धार गरिएका बालबालिकाको लेखाजोखाको आधारमा बालबालिकाको घटना व्यवस्थापन प्रकृया बमोजिम व्यवस्थापन गरिएको छ । बालबालिकाको संरक्षण तथा व्यवस्थापन सम्बन्धी विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ ।

### चित्र नं. २१ बालगृहबाट उद्धार गरिएका बालबालिको व्यवस्थापन सम्बन्धी विवरण




यस आर्थिक वर्षमा भौतिक उपस्थितिमा अनुगमन गरिएका १६३ वटा बालगृहहरुमध्ये १३६ वटा बालगृहहरुलाई आवश्यक सुधारका लागि निर्देशन दिइएको छ भने २१ वटा बालगृहहरु सुधार गर्न नसकिने अवस्थामा पाइएको छ । सुधार गर्न नसकिने अवस्थाका २१ वटा बालगृहहरुको कारवाहीको अवस्था सम्बन्धी विवरण तलको चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं २२ सुधार गर्न नसकिने अवस्थाका बालगृहहरुको कारवाहीको अवस्था सम्बन्धी विवरण**




**(ख) बालगृह अभिमूखीकरण**

परिषद्ले यस आर्थिक वर्षमा १८ जिल्लाका ४७ वटा स्थानीय तहका ३५९ वटा बालगृहका प्रमुख तथा प्रतिनिधिहरुलाई आवासीय बालगृह सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड तथा विद्यमान कानुनी व्यवस्थाहरुको बारेमा अभिमूखीकरण गरिएको छ । अभिमूखीकरण गरिएका बालगृहको जिल्लागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ अभिमूखीकरण गरिएका जिल्लागत बालगृहका सहभागी संख्या**

| जिल्ला | सहभागि संख्या | भक्तपुर | १८ |
|---|---|---|---|
| संखुवासभा | ३ | चितवन | ३८ |
| ईलाम | १ | पाल्पा | १ |
| झापा | ९ | रुपन्देही | ६ |
| मोरङ | ६ | कपिलवस्तु | १ |
| धनकुटा | १ | बाँके | ३ |
| सुनसरी | ४ | दाङ | १ |
| काठमाडौं | १५५ | बर्दिया | १ |
| ललितपुर | १०५ | सुर्खेत | ५ |
| | | जुम्ला | १ |
| **कूल जम्मा** | | | **३५९** |

# परिच्छेद-४

## क्षमता अभिवृद्धि तथा बाल अधिकारको प्रवर्धन कार्यहरु

- मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरुसँगको सहकार्यका विषयमा अन्तरक्रिया
- बालश्रम रोकथाम तथा न्यूनीकरणका लागि सम्बन्धित सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँग समन्वय र अन्तरक्रिया
- बालगृहको दर्ता, सञ्चालन, अनुमति, नियमन तथा व्यवस्थापन गर्ने विषयमा सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय
- खेलकुदमा बालिकाको सहभागिता सम्बन्धी व्यवस्था र सुरक्षा, सशक्तीकरण र लैङ्गिकताको अवस्थाको विषयमा सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय
- बालबालिका खोजतलास सेवा १०४ को प्रदेश स्तरमा विस्तार तथा नेपाल प्रहरी प्रतिष्ठानबाट प्रवाह हुने तालिम सामग्रीमा बाल अधिकारका विषय समावेश गर्ने विषयमा नेपाल प्रहरीसँगको समन्वय
- २ वटा प्रदेशका ११९ जना प्रहरी कर्मचारीहरुलाई बालबालिका खोजतलास सेवाको प्रभावकारिता अभिवृद्धि सम्बन्धी अभिमूखीकरण
- बाल अधिकार तथा बालसंरक्षण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाका सम्बन्धमा ५ वटा प्रदेश सरकारहरुसँग समन्वय छलफल
- बाल विवाह रोकथाम तथा बालश्रम न्यूनीकरण सम्बन्धी विषयमा २ वटा प्रदेशका १४३ जनालाई अभिमूखीकरण
- बालबालिका सम्बन्धी ऐनको कार्यान्वयनको सम्बन्धमा देशभरीका ७५३ वटै स्थानीय तहहरुमा पत्राचार
- बालबालिका सम्बन्धी इ-पोर्टल सञ्चालन
- विद्यमान कानूनहरुले बालविवाहमा पारेको प्रभाव तथा बदर भएका विवाहहरुले बालिकामा पारेको प्रभाव विषयक र विपद्ले बालबालिकाको संरक्षण र विकासमा पारेको प्रभाव विषयक अध्ययन
- बालबालिका सम्बन्धी सचेतनामूलक सामग्रीहरुको निर्माण, प्रकाशन, प्रसारण र वितरण

## ४.१ मानव अधिकारसँग सम्बन्धित संवैधानिक आयोगहरुसँगको समन्वय

परिषद्ले चालू आर्थिक वर्षमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री एवम् राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री जुलीकुमारी महतोज्यूको अध्यक्षता तथा संवैधानिक आयोगका



माननीय अध्यक्षज्यूहरूको विशिष्ट आतिथ्यतामा बाल अधिकारको संरक्षण र सम्वर्द्धनमा संवैधानिक आयोगसँगको समन्वय र सहकार्य विषयमा अन्तर्क्रिया गोष्ठी कार्यक्रम सम्पन्न गरेको छ । बालबालिका संवैधानिक आयोगका माननीय अध्यक्षज्यू, सदस्यज्यूहरू, सचिवज्यूहरू, बाल अधिकार परिषद्का सदस्यज्यूहरू, बालबालिकाका क्षेत्रमा क्रियाशील सञ्जालका अध्यक्षज्यूहरू लगायत ६७ (पुरुष ४६ र महिला २१) जनाको उपस्थितिमा सम्पन्न गरिएको ऊक्त कार्यक्रममा बाल अधिकारको संरक्षण र संवर्धनका निम्ति संवैधानिक आयोगहरुले देहायका कार्यहरुको शुरुवात गर्ने प्रतिवद्धता व्यक्त भएको छः-

- बालबालिकाको विषय हेर्न माननीय सदस्यज्यूलाई तोक्ने
- आयोगमा बालबालिका सम्बन्धी डेस्क खडा गर्ने,
- राष्ट्रिय बाल अधिकार परिषद्सँग नियमित छलफल र समन्वय गरी बालबालिकाका मुद्दामा एक्यवद्ध भई संयुक्त रूपमा राष्ट्रिय अभियानहररू सञ्चालन गर्ने

यसैगरी परिषद्ले बालबालिकाको अधिकारको संरक्षण तथा सम्बर्धनका लागि राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय मानव अधिकार आयोगसँग छुट्टाछुट्टै समन्वय बैठक गरी देहायका विषयमा सहकार्य गर्ने विषयमा समबुझाई कायम गरिएको छः-

- राष्ट्रिय महिला आयोगसँगको समन्वय बैठककबाट परिषद् र राष्ट्रिय महिला आयोग बीचको सहकार्य सम्बन्धमा विशेष संरक्षणको आवश्यकता भएका, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार, संरक्षण, व्यवस्थापन तथा बालबालिका खोजतलास समन्वय केन्द्र १०४, बाल हेल्पलाइन १०९८ र महिला हेल्पलाइन ११४५ बीचको सहकार्य र रेफरल प्रणाली लगायतका विषयमा सहकार्य गर्ने समबुझाई कायम गरिएको




- राष्ट्रिय समावेशी आयोगसँगको समन्वयमा बालश्रममा रहेका बालबालिकाको उद्धार, संरक्षण, व्यवस्थापन, अनाथ बालबालिकाको संरक्षण, बालविवाह रोकथाम तथा न्यूनीकरणका लागि सहकार्यका क्षेत्रहरू पहिचान तथा संयुक्त कार्ययोजना बनाई सहकार्य गर्ने विषयमा समबुझाई कायम गरिएको



- राष्ट्रिय मानव अधिकार आयोगसँगको समन्वय बैठकमा बालबालिकाको अधिकारको संरक्षणका लागि बालबालिका सम्बन्धी छुट्टै डेस्को स्थापना गर्ने, बाल अधिकार हननका घटनाहरुमा परिषद र मानव अधिकार आयोग संयुक्त रुपमा घटना सम्बोधन गर्ने, मानव अधिकार आयोगमा आएका बाल अधिकार हननबाट पीडित तथा प्रभावित बालबालिकाको संरक्षण सहयोगका लागि घटना रेफर गर्ने विषयमा समबुझाई कायम गरिएको छ । मानव अधिकार आयोगसँगको समन्वय वैठकपछि बालअधिकार हननका घटनाहरुमा संयुक्त अनुगमन कार्य शुरुवात गरिएको छ ।

## ४.२ तीनै तहका सरकारी निकायसँगको समन्वय

### (क) संघीय निकायहरुसँगको समन्वय

१. परिषद्ले बाल श्रम निवारण सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्राल र राष्ट्रिय बाल अधिकार परिषद् बीच बालश्रममुक्त नगर घोषणा, बालकोषको प्रभावकारी सञ्चालन, बालश्रम अवस्थाको संयुक्त अनुगमन, श्रमिक बालबालिकाको उद्धार पश्चातको संरक्षण, व्यवस्थापन तथा पुनर्स्थापनाका विषयमा परिषद्ले नेतृत्व गर्ने विषयमा समझदारी भएको छ ।



२. यसैगरी परिषदले जोखिमपूर्ण काममा संलग्न बालबालिकाको उद्धार तथा व्यवस्थापन सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम, रोजगार तथा व्यवसायजन्य सुरक्षा विभाग, श्रम तथा रोजगार, यातायात व्यवस्था विभाग, महानगरीय प्रहरी परिसर, बाल हेल्पलाईन १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ लगायतका निकायबाट १५ जनाको उपस्थितिमा जोखिमपूर्ण काममा रहेका बालबालिकाको स्थिति बारे नक्शाङ्कन, उद्धार तथा अस्थायी संरक्षण प्रवन्ध र घटना व्यवस्थापन लगायतका विषयहरूमा छलफल गरेको छ । यसै अनुरुप परिषद्ले चालू आर्थिक वर्षमा जोखिमपूर्ण श्रममा रहेका ५८ जना बालबालिकाको उद्धार गरी आवश्यक सेवा प्रदान गरेको छ । उद्धारको क्रम जारी रहेको छ ।

३. बालगृहको दर्ता, सञ्चालन, अनुमति, नियमन तथा व्यवस्थापन गर्ने विषयमा स्पष्टता कायम गर्न तथा बालगृहमा बाल अधिकार विपरित कार्य गर्ने गराउनेलाई कानूनी दायरामा ल्याई बाल अधिकारको सुनिश्चित गर्ने विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा

पञ्जीकरण विभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, समाज कल्याण परिषद्, बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति, कम्पनी रजिष्ट्रार कार्यालय, ललितपुर जिल्ला प्रशासन कार्यालय सहित १५ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा बाल अधिकारका सवालहरू, जस्तैः बालबालिकाको जन्मदर्ताको विषय, वैदेशिक अनुदान, गुम्बा र विहार लगायतका धार्मिक संस्थाहरूमा रहेका बालबालिकाको अवस्था अनुगमन, विद्यालय र होस्टलका नाममा सञ्चालनमा रहेका बालगृहको अवस्थाको अनुगमन, बालगृहको दर्ता, नवीकरण लगायतका मापदण्ड विपरित सञ्चालनमा रहेका बालगृहहरूको अनुगमन तथा नियमन तथा बाल अधिकारका सवालहरूको सम्बोधन गर्न सबै सरोकारवाला निकायले आ—आफ्नो फर्तबाट प्रयास जारी राख्ने सहमति भएको छ

४. खेलकुदमा बालिकाको सहभागिता सम्बन्धी व्यवस्था र सुरक्षा, सशक्तीकरण र लैङ्गिकताको अवस्थाको विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय बाल अधिकार परिषद्, राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटिका उपाध्यक्षहरू, महिला तथा खेलकुद आयोग, एनएसीजी नेपाल, कन्सोर्टियम नेपाल, सिजप, बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल, राष्ट्रिय बाल संरक्षण सञ्जाल, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च, सामाजिक सुरक्षा नागरिक सञ्जालका प्रमुख तथा प्रतिनिधि, बाल अधिकारका क्षेत्रमा क्रियाशील गैससका प्रमुख तथा प्रतिनिधिबीच छलफल कार्यक्रम सम्पन्न भएको छ । यस छलफलबाट खेलकुदमा बालिकाको अवस्थाको बारेमा जानकारी हुनुका साथै बालिकाको खेलकुदमा सुरक्षित सहभागिताका लागि राष्ट्रिय बाल अधिकार परिषद् र राष्ट्रिय खेलकुद परिषद् बीच सहकार्यका देहायका क्षेत्रहरू तय गरिएको छः-

- खेलकुदमा बालिकाको सुरक्षित सहभागिताका लागि मापदण्ड तयार गरी लागू गर्ने
- खेलकुदमा बालिकाको सुरक्षित सहभागित गराउने
- परिषद्ले उद्धार गरेका सडक बालबालिकाको खेलकुद सम्बन्धी विशिष्टिकृत क्षमताको पहिचान गरी Street to Stadium कार्यक्रम सञ्चालन गर्ने

५. यस आर्थिक वर्षमा राष्ट्रिय बाल अधिकार परिषद् र नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षकबीच समन्वय वैठक सम्पन्न भएको छ । उक्त वैठकमा नेपाल प्रहरी र राष्ट्रिय बाल अधिकार परिषद् बीच समन्वय र सहकार्यका क्षेत्रहरूको विषयमा छलफल गरी बालबालिका खोजतलास सेवा १०४ को प्रदेश स्तरमा संरचना निर्माण, नेपाल प्रहरी प्रतिष्ठानबाट प्रवाह हुने तालिम सामग्रीमा बाल अधिकारका विषय समावेश गर्ने, नेपाल प्रहरीमा बाल संवेदनशीलता अभिवृद्धि विषयमा समन्वय गरिएको छ। समन्वय वैठकमा नेपाल प्रहरी र परिषद्को देहायका विषयहरुमा सहकार्य गर्ने विषयमा छलफल गरिएको छः-

- बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) को सवलीकरण तथा प्रभावकारी परिचालनका लागि थप लगानी, क्षमता विकास तथा अनुगमन र समन्वयका कार्यहरु ।
- प्रदेश प्रहरी अन्तर्गत बालबालिका सम्बन्धी विशेष विभाग वा शाखाको स्थापना, सवलीकरण र परिचालन ।
- सडक बालबालिका उद्दार, संरक्षण तथा पुनःस्थापना कार्यमा सहयोग, समन्वय र अनुगमन ।

- बालश्रम निवारणका लागि अनुगमन, उद्दार तथा पुनःस्थापनामा सहयोग ।
- बालबालिकाको वेचविखन तथा अवैधानिक ओसारपसार रोकथाम तथा नियन्त्रणका लागि समन्वय र सहयोग
- बालबालिकाको अनलाइन सुरक्षाको प्रवर्धन तथा अनलाइन माध्यमबाट बालबालिकामाथि हुने दुर्व्यवहारको न्यूनीकरणमा सहकार्य र सहयोग
- प्रहरी तालिम प्रतिष्ठानले प्रदान गर्ने सेवा प्रवेश तथा सेवाकालीन तालिम सामग्रीमा बालअधिकारका आधारभूत ज्ञान तथा सीप सम्बन्धी विषयहरु समावेश गर्नका लागि सहजीकरण
- प्रहरी तालिम प्रतिष्ठानले प्रदान गर्ने सेवा प्रवेश तथा सेवाकालीन तालिममा राष्ट्रिय बाल अधिकार परिषदबाट प्राविधिक सहजीकरणका लागि सहकार्य


६. नेपाल प्रहरी, प्रहरी प्रशिक्षण प्रतिष्ठानको समन्वय र राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा, विभिन्न जिल्लाहरूका नेपाल प्रहरीको महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान कार्यमा कार्यरत २२ जना प्रहरी अधिकृतहरूसँग राष्ट्रिय बाल अधिकार परिषद् र नेपाल प्रहरीको सहकार्यमा सञ्चालित बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को सेवा प्रवाह प्रभावकारिता, बालबालिका खोजतलास सेवाको सवलीकरण तथा बालबालिका विरुद्ध हुने अपराध रोकथाम लगायत समग्र बालसंरक्षणको संरचना तथा कार्यान्वय प्रणाली र बालमैत्री सेवा प्रवाहमा नेपाल प्रहरीको भूमिकाको विषयमा छलफल तथा अन्तक्रिया सम्पन्न भएको थियो ।



७. यस आर्थिक वर्षमा बालबालिका खोजतलास सेवाको क्षमता अभिबृद्धि तथा यसको प्रभावकारी सञ्चालनका लागि प्रदेश नं.१ र कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री, सचिव, प्रदेश प्रहरी कार्यालयका प्रमुख, सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुखसँग समन्वय गरिएको छ । यसै क्रममा परिषद्ले प्रदेश नं. १ का १४ जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा कार्यरत ८६ जना प्रहरी कर्मचारीहरू र कर्णाली प्रदेशका १० वटै जिल्लाका महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत ३३ जना प्रहरी कर्मचारीहरुलाई साथै बाल संवेदनशीलता अभिवृद्धि र १०४ को प्रभावकारी सञ्चालनका विषय

अभिमूखीकरण गरेको छ । अभिमूखीकरण कार्यक्रममा सहभागिहरुको विवरण तलको चित्रमा प्रस्तुत गरिएको छः-

**चित्र नं. २३: बालबालिका खोजतलास सेवा अभिमूखीकरणको सहभागिता संख्या**




### (ख) प्रदेश सरकारसँगको समन्वय र अन्तरक्रिया

१. परिषद्ले यस आर्थिक वर्षमा परिषद्को बारेमा तथा परिषद्को आगामी कार्योजनाको बारेमा प्रदेश सरकारहरूलाई जानकारी गराउने, बाल संरक्षण प्रणालीको स्थापना तथा सञ्चालन, आमाबाबु भएका बाल गृहका आश्रित बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्थामा समन्वय र सहयोग, अनाथ बालबालिकाको सामाजिक सुरक्षा कार्यक्रम तथा बालश्रम निवारणका लागि सहयोग लगायतका कार्यक्रमहरूलाई प्रदेश सरकारको प्राथमिकतामा समावेश गर्नका लागि पैरवी गर्ने लगायतका उद्देश्यका साथ ५ वटा प्रदेशहरुमा समन्वय वैठक सम्पन्न गरेको छ । समन्वयका क्रममा प्रदेश सरकारका मुख्यमन्त्री, सामाजिक विकास मन्त्री, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षहरुसँग आवश्यक समन्वय गरिएको छ । प्रदेशस्तरमा गरिएको समन्वयका क्रममा देहाय विषयहरु प्रदेश सरकारको प्राथमिकतामा राख्नका लागि अनुरोध गरिएको छ ।




- बाल हेल्पलाईन (१०९८) सेवाको विस्तार तथा सवलीकरणका लागि प्रदेश सरकारबाट थप लगानी, प्रोत्साहन तथा अनुगमन र समन्वयका कार्यहरु ।

- बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) को सवलीकरण तथा प्रभावकारी परिचालनका लागि थप लगानी, क्षमता विकास तथा अनुगमन र समन्वयका कार्यहरु ।
- प्रदेश अन्तर्गत प्रदेश बाल अधिकार समितिको गठन, सचिवालयको स्थापना तथा प्रभावकारी परिचालन ।
- प्रदेश बाल अधिकार समिति तथा राष्ट्रिय बाल अधिकार परिषद् बिच नियमित समन्वय र सहकार्यको कार्यक्रमिक योजनाहरु ।
- प्रदेश बाल अधिकार समिति अन्तर्गत बालकोषको स्थापना तथा सञ्चालन ।
- प्रदेश प्रहरी अन्तर्गत बालबालिका सम्बन्धी विशेष विभाग वा शाखाको स्थापना, सवलीकरण र परिचालन ।
- स्थानीय तहमा बाल अधिकार नीति लागु गर्न, बाल अधिकार समितिको गठन तथा परिचालन गर्न आवश्यक समन्वय र सहयोगका कार्यक्रमहरु ।
- आमाबाबु भएका बालबालिका वा वैकल्पिक स्याहारमा जान सक्ने बालबालिकाको परिवारमा पुनःस्थापना, वैकल्पिक स्याहारमा स्थानान्तरण तथा निसंस्थाकरणको अभियानमा सहकार्य, समन्वय र सहयोग ।
- सडक बालबालिका उद्दार, संरक्षण तथा पुनःस्थापना कार्यमा सहयोग, समन्वय र अनुगमन ।
- बालश्रम निवारणका लागि अनुगमन, उद्दार तथा पुनःस्थापनाका क्षेत्रमा राष्ट्रिय बाल अधिकार परिषद, स्थानीय बाल अधिकार समिति, श्रम कार्यालयहरुसँग सहकार्य तथा संयुक्त कार्यक्रमहरुको सञ्चालन ।
- संघीय सरकारको अनाथ बालबालिकाको सामाजिक सुरक्षाका कार्यक्रमबाट समेट्न नसकीएको स्थानीय तहहरुमा प्रदेश सरकारबाट अनाथ बालबालिकाको लाथि सामाजिक सुरक्षा कार्यक्रम

यस आर्थिक वर्षमा प्रदेशस्तरीय समन्वय गरिएका निकायहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका नं. १२ प्रदेशस्तरीय समन्वय गरिएका निकायहरु**

| प्रदेश | निकाय | व्यक्तित्वहरु |
|---|---|---|
| प्रदेश नं. १ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | माननीय मुख्यमन्त्री |
| | प्रदेश नीति तथा योजना आयोग | माननीय उपाध्यक्ष |
| | प्रदेश सामाजिक विकास मन्त्रालय | माननीय मन्त्री, माननीय राज्य मन्त्री, सचिव, महाशाखा प्रमुख |
| प्रदेश नं. २ | प्रदेश नीति तथा योजना आयोग | माननीय उपाध्यक्ष |
| | प्रदेश सामाजिक विकास मन्त्रालय | माननीय मन्त्री, सचिव |
| वागमती प्रदेश | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | माननीय मुख्यमन्त्री |
| | प्रदेश नीति तथा योजना आयोग | माननीय उपाध्यक्ष, माननीय सदस्यहरु |
| | प्रदेश सामाजिक विकास मन्त्रालय | माननीय मन्त्री, सचिव, महाशाखा प्रमुख |
| गण्डकी प्रदेश | प्रदेश नीति तथा योजना आयोग | माननीय उपाध्यक्ष |

| | | |
|---|---|---|
| | प्रदेश सामाजिक विकास मन्त्रालय | माननीय मन्त्री, सचिव, महाशाखा प्रमुख |
| कर्णाली प्रदेश | प्रदेश नीति तथा योजना आयोग | माननीय उपाध्यक्ष |
| | प्रदेश सामाजिक विकास मन्त्रालय | माननीय मन्त्री, सचिव, महाशाखा प्रमुख |

२. प्रदेश समन्वयको आधारमा तय भए बमोजिम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र परिषद्को संयुक्त आयोजनामा गण्डकी प्रदेशमा बालश्रम रोकथाम तथा न्यूनीकरण तथा कर्णाली प्रदेशमा बालविवाह रोकथाम तथा न्युनीकरणका लागि प्रदेशका सबै जिल्ला समन्वय समितिका प्रमुख, उप–प्रमुख, जिल्ला समन्वय अधिकारी तथा केही स्थानीय तहका पदाधिकारीहरुको सहभागितामा प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । प्रदेशगत रुपमा सहभागीहरुको विवरण तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. २४ प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमका सहभागीहरुको संख्या**





३. बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन सम्बन्धमा राष्ट्रिय बाल अधिकार परिषद्, बागमती प्रदेश सामाजिक विकास मन्त्रालय र प्रदेश बाल अधिकार समिति बीच अन्तक्रिया कार्यक्रम हेटौंडामा सम्पन्न गरिएको छ । यस कार्यक्रममा बागमती प्रदेशका प्रमुख सचिव डा. मानबहादुर वि.क., बागमती प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्य श्री यमुना कडेल, सामाजिक विकास मन्त्रालयका सचिव श्री दिपक काफ्ले, राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य श्री सुन्दर लामिछाने, कार्यकारी निर्देशक श्री मिलनराज धरेल, बालगृह अनुगमन उप–समितिका सदस्यज्यूहरू, प्रदेश बाल अधिकार समितिका पदाधिकारी ज्यूहरू, प्रहरी प्रशासनका प्रतिनिधिज्यूहरू लगायत २७ जनाको उपस्थिति रहेको उक्त

कार्यक्रमबाट राष्ट्रिय बाल अधिकार परिषद् र प्रदेश सामाजिक विकास मन्त्रालयका बीच बालबालिकाको विषयमा हुने कार्यक्रममा सहकार्य, समन्वय र साझेदारिता निरन्तर रहने सहमति समेत भएको छ ।

### (ग) स्थानीय तहसँगको समन्वय

परिषद्ले चालू आर्थिक वर्षमा बालबालिका सम्बन्धी ऐनको कार्यान्वयनको सम्बन्धमा देशभरीका ७५३ वटै स्थानीय तहहरुमा पत्राचार गरी समन्वय गरेको छ । विशेषगरी बाल अधिकारको संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यविधिको निर्माण, स्थानीय बाल अधिकार समितिको गठन, बाल कल्याण अधिकारीको नियुक्ति, बालकोषको स्थापना, समाजसेवी तथा मनोविज्ञको सूचीकरण, अस्थायी संरक्षण सेवा प्रदायको सूचीकरण, बाल हेल्पलाइन तथा बालबालिका खोजतलास सेवाको सुदृढीकरण लगायतका विषयमा स्थानीय तहको नीति निर्माण तथा कार्यक्रम निर्माणमा प्राथमिकतामा राख्नका लागि आह्वान गरिएको थियो ।



नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या : ०७७/७८
चलानी नं. : १५६८

मितिः २०७७/१२/०६

श्री प्रमुख/अध्यक्षज्यू
सबै स्थानीय तह ।


विषयः- आ.व. २०७८/७९ को वार्षिक कार्यक्रम तथा बजेटमा बालबालिकाको विषय समावेश गर्न अनुरोध।

श्री प्रमुखज्यू,

नेपालको संविधानले मौलिक हक अन्तर्गत बालबालिकाको अधिकारको विषयलाई समावेश गरेर सुरक्षित, स्वतन्त्र, स्वस्थ र अवसरसहितको बालापनप्रतिको प्रतिबद्धतालाई अंगिकार गरेको यहाँलाई बिदितै छ । नेपालले बालबालिकाको संवैधानिक हक कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ लागू गरेको छ जसले संघीय, प्रदेश र स्थानीय तहमा बालबालिकाको अधिकार संरक्षण र सम्वर्धनका लागि संरचनागत व्यवस्थाका साथै राज्यको लगानीको दायित्व पनि सिर्जना गरेको छ । नेपालले अन्तर्राष्ट्रियस्तरमा बाल बिबाह अन्त्य गर्ने, बालबालिकाको वैकल्पिक हेरचाहको प्रवर्धन गर्दै अनधिकृत रुपमा बालगृहमा राख्ने कार्यलाई निषेध गर्ने, बालश्रमको अन्त्य गर्ने, बालसंबेदनशील सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने र अपाङ्गता भएका बालबालिका, अनाथ बालबालिका एवं बालिकाहरुका लागि विशेष संरक्षणात्मक र प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने प्रतिवद्धता गरेको यहाँको जानकारीका लागि निवेदन गर्दछु ।

संघीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्बर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने जिम्मेवारी यसै परिषद्को रहेको निवेदन गर्न चाहन्छु ।

"विपद्मा बाल अधिकारको सुनिश्चितताः हामी सबैको साझा प्रतिबद्धता"
फोन नं. : ०१-५५५०१२१, ५५५०१४७ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ncrc.gov.np
Tel. : 01-5550121, 5550147 Fax : 977-1-5527591 Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np



नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर


पत्र संख्या :
चलानी नं. :

यसै सन्दर्भमा आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा भइरहेको सन्दर्भमा नेपालको १५ औं आवधिक योजना, दिगो विकास लक्ष्य कार्यान्वयन मार्गचित्र तथा विभिन्न विषयगत गुरुयोजनाहरुले तय गरेका योजना तथा कार्यक्रमका आधारमा बालबालिकालाई पहिलो प्राथमिकतामा राखी उनीहरुमाथिको लगानी वृद्धि गर्दै सुखी नेपालीः समृद्ध नेपालको राष्ट्रिय अभीष्ट पुरा गर्न जरुरी रहेको छ ।

यसर्थ तहाँ स्थानीय सरकारले तय गर्ने आ.व.२०७८/७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा बालबालिकाको देहाएका कार्यक्रमहरुलाई प्राथमिकता राखिदिनुहुनका लागि राष्ट्रिय बाल अधिकार परिषद् हार्दिक अनुरोध गर्दछः-

१. बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुसार स्थानीय तहमा बाल अधिकार समिति गठन, परिचालन, बाल कोषको स्थापना तथा बाल कल्याण अधिकारीको नियुक्ती र परिचालनको कार्यक्रमहरु ।
२. स्थानीय तहमा बालबालिका हराउने, बेवारिसे फेला पर्ने, बेचबिखन तथा ओसारपसारमा पर्ने, हिंसा, दुर्व्यवहार शोषण तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणका लागि नेपाल प्रहरीसँगको सहकार्यमा स्थानीय प्रहरी इकाई मार्फत विशेष सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
३. स्थानीय तह अन्तर्गत आमाबाबुविहीन बालबालिकाको लागि बिस्तारित परिबारमा रही हुर्कने तथा अवसर प्राप्त गर्ने वातावरण सिर्जना गर्न अनाथ बालबालिकाको लागि मासिक सामाजिक सुरक्षा भत्ता कार्यक्रम सञ्चालन गर्ने ।
४. स्थानीय तह अन्तर्गत बालिकामैत्री, अपाङ्गतामैत्री सुरक्षित विद्यालय तथा स्वास्थ्य केन्द्रहरुको प्रवर्धन गर्न पुर्वाधार सुधार तथा विद्यालयमा स्यानीटरी प्याड, बालिका र अपाङ्गता लक्षित खेलकुद लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।
५. हिंसा, दुर्व्यवहार तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि परामर्श, उद्दार, संरक्षण, कानूनी सहायता जस्ता कार्यका लागि बाल हेल्पलाइन सेवा (१०९८) को सञ्चालन गर्न र अस्थायी संरक्षण तथा पुनःस्थापना केन्द्र सञ्चालनका लागि बजेटको व्यवस्थापन गर्ने ।

"विपद्मा बाल अधिकारको सुनिश्चितताः हामी सबैको साझा प्रतिबद्धता"
फोन नं. : ०१-५५५०१२१, ५५५०१४७ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ncrc.gov.np



नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

६. बालबालिकासँग सम्वन्धित स्थानीय योजना तथा नीति निर्माण, सहभागिताको अधिकार कार्यान्वयनका लागि वार्षिक स्थानीय बालसभाको कार्यक्रम सञ्चालन गर्ने ।

७. बालक्लब तथा बाल क्लब सञ्जालहरुको क्षमता विकास, दर्ता नविकरण तथा बालबालिकाको नेतृत्वमा विभिन्न कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गर्ने ।

८. विद्यालयमा बालपोषण, स्थानीय खाद्यान्नबाट पोषण सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

९. गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच, महिलामाथि हुने हिंसाको अन्त्य तथा कामकाजी महिलाहरुका लागि सहज बनाउन र बालबालिकाको व्यक्तित्व विकासका लागि समुदायमा आधारित प्रारम्भिक बाल विकास कार्यक्रमहरु सञ्चालन गर्ने ।

१०. स्थानीय स्तरमा बालबालिकाको घटना व्यवस्थापन गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेको समाजसेवी तथा बाल मनोविज्ञ जनशक्तिको उत्पादनका लागि विशेष तालिम तथा प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने ।

११. बाल बिज्याई गरेका बालबालिकाहरुलाई बालमैत्री अनुसन्धान तथा प्रहरी नियन्त्रणमा राख्नका लागि बालबालिका सम्बन्धी ऐनले व्यवस्था गरे अनुसार नजिकैको प्रहरी कार्यालय नजिक वा परिसरभित्र निगरानी कक्ष स्थापना र सञ्चालन गर्ने ।

१२. बालश्रममुक्त स्थानीय तह, बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई विशेष अभियानका रुपमा सञ्चालन गर्ने ।

बालबालिकामाथिको लगानीले सक्षम जनशक्ति, सभ्य समाज तथा सुरक्षित भविष्य निर्माण गर्दै राष्ट्रिय समृद्धिका योगदान दिनेछ भन्ने अनुरोध गर्दै बालबालिकामाथि यहाँको स्थानीय सरकारले विशेष प्राथमिकताका साथ लगानी गर्ने अनुरोध गर्दै कार्यक्रम कार्यान्वयनका सन्दर्भमा प्राविधिक सहायता तथा परामर्श आवश्यक भएमा राष्ट्रिय बाल अधिकार परिषद् सदैव सहयोग गर्न तयार रहेको प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

धन्यवाद ।

मिलनराज धरेल
कार्यकारी निर्देशक

"विपद्मा बाल अधिकारको सुनिश्चितताः हामी सबैको साझा प्रतिबद्धता"

फोन नं. : ०१-५५५०१२१, ५५५०१४७ फ्याक्स : ९७७-१-५५२७५९१
Tel. : 01-5550121, 5550147 Fax : 977-1-5527591
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np

## ४.३ नागरिक संगठन तथा सञ्जालहरुसँगको समन्वय

१. स्वास्थ्य क्षेत्रमा बालअधिकारको संरक्षण तथा प्रवर्धनका लागि राष्ट्रिय बाल अधिकार परिषद्, नेपाल चिकित्सक समाज (नेपास) र पेडीयाट्रीक नर्सेस एसोसियासन अफ नेपाल (पिनान) बिचको त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको छ। साथै बाल स्वास्थ्य क्षेत्रमा हुने अध्ययन अनुसन्धानको प्रभावकारी व्यवस्थापनका लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद् संग छलफल सम्पन्न गरिएको छ ।

२. स्काउटिङ मार्फत बाल अधिकारको प्रवर्धनका लागि परिषद् र स्काउटबीच स्काउटिङ मार्फत बाल अधिकारको संरक्षण तथा सम्बर्धनका लागि समझदारी पत्रमा हस्ताक्षर गरी अघि बढ्ने सहमति गरिएको छ ।

३. बालबालिका विरूद्ध हुन सक्ने अनलाईन दुर्व्यवहार न्यूनीकरणका लागि दूर सञ्चार प्राधिकरण, नेपाल प्रहरी, युनिसेफ नेपाल, इन्टरनेट सेवा प्रदायक संस्था, सूचना प्रविधि सम्बन्धी संस्था, सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा सञ्जाल लगायतका निकाय तथा संघ-संस्थासँग २ पटक गरी ५२ जना प्रतिनिधिहरूसँग भर्चुअल अन्तरक्रिया सञ्चालन गरिएको छ । सरकारको तर्फबाट तर्जुमा गरिने बालबालिका सम्बन्धी कानूनी तथा नीतिगत दस्तावेजहरूमा अनलाइन सुरक्षा सम्बन्धी विषय समावेश गर्न परिषद्ले आवश्यक सहजीकरण गर्ने साझा बुझाई भएको छ । कार्यक्रममा बालबालिकाको लागि सुरक्षित ईन्टरनेट सेवा प्रदान गर्ने, बालबालिका माथि हुने डिजिटल डिभाइडलाई बाल सहभागिता

तथा बाल संरक्षणको दृष्टिकोणबाट कसरी हेर्ने, इन्टरनेटमा बालबालिकाको सुरक्षाको सुनिश्चितताका लागि सरोकारवालाको भूमिका के हुने र अनालाइन माध्यमबाट बालबालिका माथि हुने दुर्व्यवहारको न्यूनीकरण तथा पीडितको संरक्षण सहायता व्यवस्थापन कसरी गर्ने र अनलाइन सुरक्षा सम्बन्धी कार्यविधि बनाउनु पर्ने लगायतका विषयमा छलफल भएको छ ।  र यसै अनुरुप महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अनलाईन सुरक्षा सम्बन्धि कार्यविधिको मस्यौदा तयारी गरी सकेको छ ।

४. अन्तरदेशीय रूपमा हुने बालबालिकाको ओसारपसार तथा बेचविखन न्यूनीकरण तथा अन्तरदेशीय रूपमा अलपत्र वा वेवारिस फेला परेका बालबालिकाको घटना व्यवस्थापनका लागि नेपाल सरकार, भारत सरकार र सम्बन्धित देशका विशिष्टिकृत निकायको भूमिका लगायतको विषयमा इन्डो नेपाल नेटवर्क, कारितास इन्डियासँग छलफल गरिएको छ । छलफलमा परिषद्को तर्फबाट अन्तरदेशीय रूपमा हुने बालबालिकाको बेचविखन तथा ओसारपसार न्यूनीकरण तथा रोकथामका लागि भारतमा पनि सरकारी स्तरमा समस्या समाधानका लागि छलफल हुनुपर्ने, भारतमा नेपाली बालबालिका भेटिएमा भारत सरकारको आधिकारिक निकाय मार्फत बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) मा सञ्चार गर्ने र भारतिय बालबालिका नेपालमा भेटिएमा बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) मार्फत भारतको चाईल्ड प्रोटेक्सन अथोरिटिमा सञ्चार गरी घटना व्यवस्थापन गर्नुपर्ने सुझाव राखिएको छ र यी सुझावहरूमा इन्डो नेपाल नेटवर्कले सम्बन्धित निकायसँग आवश्यक छलफल गर्ने निष्कर्ष रहेको छ ।




५. म्यूजिक भिडियो तथा मनोरञ्जन सामग्रीमा बालबालिकाको गलत प्रयोग तथा लैङ्गिक समानताका विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रेस काउन्सिल नेपाल, महिला तथा बालबालिका विभाग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय साइबर ब्यूरो, परिषद्, नेपाल चलचित्र विकास बोर्ड, अकोर्याब, बान, एनएसीजी नेपाल, कन्सोर्टियम, सिजप, एनसिपिए, बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च, सामाजिक सुरक्षा नागरिक सञ्जाल बीच छलफल तथा परामर्श कार्यक्रम सम्पन्न भएको छ ।

६. लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको प्रमुख सवालहरूको पहिचान तथा सम्बोधनका उपायहरूबारे छलफल गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र विभिन्न सामाजिक संस्थाबीच कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रमबाट लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको प्रमुख सवालहरूका पहिचान तथा सम्बोधनका लागि मन्त्रालय तथा परिषद्ले गर्न सक्ने कार्यहरूको कार्यान्वयनमा प्रतिबद्धता व्यक्त भएको छ ।

## ४.४ बाल अधिकार सूचना केन्द्र

### (क) बालबालिका सम्बन्धी ई पोर्टल सञ्चालन

बाल अधिकार सूचना केन्द्रको रुपमा परिषद्लाई सुदृढ बनाउने सन्दर्भमा बाल अधिकारका विविध सूचनाहरुको संकलन, व्यवस्थापन तथा वितरण सम्बन्धी कार्यहरु गर्दै आएको छ । विगत वर्षहरुदेखि नै परिषद्ले बाल अधिकार सम्बन्धी विभिन्न सूचना सामग्रीहरुमा सबैको पहुँचका लागि बालबालिका सम्बन्धी ई पोर्टल सञ्चालन गर्दै आएको छ । पोर्टलमा बालबालिका सम्बन्धी प्रकाशनहरु, विभिन्न विषयमा अनलाइन छलफल, बालबालिकाको आवाज, बाल संरक्षण सम्बन्धी विषयहरुमा सम्पर्क गर्ने स्थान तथा नम्बरहरु लगायतका विशेषताहरु रहेको छ ।




### (ख) अध्ययन तथा अनुसन्धान

बालबालिका सम्बन्धी विविध सवालहरुमा अध्ययन अनुसन्धान गरी राष्ट्रिय बाल अधिकार परिषदलाई बाल अधिकार स्रोत केन्द्रको रुपमा स्थापित गराउने उद्देश्यका साथ परिषद्ले यस आ.व. मा दुई वटा विषयहरुमा अध्ययन कार्य सञ्चालन गरेको छ । विद्यमान कानूनहरुले बालविवाहमा पारेको प्रभाव तथा बदर भएका विवाहहरुले बालिकामा पारेको प्रभाव विषयक र विपद्ले बालबालिकाको संरक्षण र विकासमा पारेको प्रभाव विषयक अध्ययन कार्य सञ्चालन गरेको छ ।

विद्यमान कानूनहरुले बालविवाहमा पारेको प्रभाव तथा बदर भएका विवाहहरुले बालिकामा पारेको प्रभाव सम्बन्धी अध्ययन कार्यमा ६०४ वटा स्थानीय तहहरुमा अन्तर्वार्ता, १२ वटा घटना विश्लेषण, ३८ वटा

मूख्य सूचक अन्तर्वार्ता र ५२ वटा लक्षित समूह छलफल गरी तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणकोको कार्य भैरहैको छ ।

विपद्ले बालबालिकाको संरक्षण र विकासमा पारेको प्रभाव सम्बन्धी अध्ययन कार्यमा ३२ वटा मूख्य सूचक अन्तर्वार्ता सम्पन्न गरिएको छ भने सातवटै प्रदेशमा १४ वटा लक्षित समूह छलफलमार्फत तथ्याङ्क संकलनको कार्य सम्पन्न भै सको छ । तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणकोको कार्य भैरहैको छ ।

**(ग) प्रकाशन र प्रचार-प्रसार**

परिषद्ले यस आर्थिक वर्षमा बाल अधिकार तथा संरक्षण सम्बन्धी विभिन्न विषयमा चेतनामूलक सामग्रीहरुको निर्माण तथा प्रचारप्रसार कार्य गरेको छ । रेडियो पिएसएहरुको निर्माण र रेडियो नेटवर्कहरुमार्फत प्रशारण, भिडियो सन्देशहरुको निर्माण तथा सामाजिक सञ्जालहरुमार्फत प्रचारप्रसार, पोस्टर पम्पलेटहरुको निर्माण तथा वितरण मार्फत बाल अधिकारका विषयहरुको प्रचारप्रसार गरेको छ। यस आर्थिक वर्षमा परिषदबाट सम्पन्न गरिएका प्रकाशन तथा प्रचारप्रसार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३- प्रकाशन तथा प्रचारप्रसार सम्बन्धी विवरण**

| क्र.स. | सामग्रीको किसिम | गरिएको कार्य | थान/पटक |
|---|---|---|---|
| १ | नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७ | सूचना संकलन, लेखन, सम्पादन तथा प्रकाशन | ३५६० थान |
| २ | State of children in Nepal 2020 | सूचना संकलन, लेखन, सम्पादन तथा प्रकाशन | १००० थान |
| ३ | बाल संरक्षण सन्देश सहिको क्यालेण्डर र नोटबुक | बालअधिकार सम्बन्धी सन्देशहरुको संकलन, लेखन तथा छपाई | नोटबुक ७००० थान र क्यालेण्डर ५९५ थान प्रकाशन गरि वितरण गरिएको |
| ४ | बाल हेल्पलाइन १०९८ सम्बन्धी पोस्टर | निर्माण तथा छपाई र वितरण | १२३५० थान |
| ५ | बालबालिका खोजतलास समन्वय केन्द्र १०४ सम्बन्धी पोस्टर | निर्माण तथा छपाई र वितरण | १२३५० थान |
| ६ | बालश्रम न्यूनीकरण तथा रोकथाम सम्बन्धी पोस्टर | निर्माण तथा छपाई र वितरण | १२३५० थान |
| ७ | बालश्रम न्यूनीकरण तथा रोकथाम सम्बन्धी भिडियो सन्देश | निर्माण तथा सामाजिक सञ्जालमार्फत प्रचारप्रसार | • परिषद्को फेसबुकमार्फत बुस्टिङ गरी |
| ८ | बाल हेल्पलाइन सेवा सम्बन्धी रेडियो पि.एस.ए. | निर्माण तथा रेडियो नेटवर्कमार्फत प्रचारप्रसार | • ४५ सेकेण्डको रेडियो सन्देश उज्यालो नेटवर्कबाट १९ स्पट प्रशारण गरिएको |

| | | | |
|---|---|---|---|
| | | | • नेपाल एफएम नेटवर्कबाट १२ स्पट प्रशारण गरिएको |
| ९ | बालबालिका सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी जनचेतनामूलक रेडियो जिङ्गल | निर्माण तथा रेडियो नेटवर्कमार्फत प्रचारप्रसार | • ६० सेकेण्डको रेडियो सन्देश निर्माण<br>• नेपाल एफएम नेटवर्कबाट २६ स्पट प्रशारण<br>• थाहा सञ्चार नेटव्ङ्कबाट १० स्पट प्रशारण<br>• सामुदायिक रेडियो नेटवर्कबाट २० स्पट प्रशारण |
| १० | "बाल श्रम अन्त्य गरौ" रेडियो पिएसए | निर्माण तथा रेडियो नेटवर्कमार्फत प्रचारप्रसार | • ३० सेकेण्डको रेडियो सन्देश निर्माण<br>• उज्यालो नेटवर्कबाट ४० स्पट प्रशारण गरिएको<br>• थाहा सञ्चार नेटवर्कबाट ६० स्पट प्रशारण<br>• कान्तिपुर एफएम बाट ६० स्पट प्रशारण |
| ११ | आ. व. २०७८।७९ को बजेटमा बालबालिका एक झलक | सूचना संकलन, निर्माण र प्रचारप्रसार | • परिषद्को सामाजिक सञ्जालबाट प्रचारप्रसार गरिएको |
| १२ | बालअधिकार सम्बन्धी सन्देश सहितको पकेट फोल्डर र स्पाइरल नोटबुक | सन्देश लेखन, संकलन तथा छपाई | • ७००० थान छपाई गरी परिषद्को कार्यक्रममा वितरण |
| १३ | परिषद्, बाल हेल्पलाइन र बालबालिका खोजतलास समन्वय केन्द्र १०४ सम्बन्धी सन्देश भएको मग | छपाई | • २०० थान छपाई तथा वितरण |
| १४ | कोभिड-१९ मा बालबालिकाको संरक्षण सम्बन्धी भिडियो सन्देश | भिडियो सन्देश निर्माण र प्रचारप्रसार | • सामाजिक सञ्जालहरुमार्फत प्रचारप्रसार गरिएको |


## ७. परिषद्को संस्थागत अवस्था

### (क) परिषद्को संगठन संरचना

बालबालिकाको क्षेत्रमा कार्य गर्ने विशिष्टिकृत राष्ट्रिय निकायको रुपमा रही बालबालिकाको संरक्षण र सम्बर्धन गर्ने कार्यमा परिषद्को कार्यक्षेत्र, काम कर्तव्य र अधिकारको आधारमा नतिजामूखी कार्य सम्पादनका

लागि परिषद्को संगठन संरचना अस्पष्ट रहेता पनि परिषद्को उल्लेखित कार्यहरु सम्पादनका लागि कार्य सञ्चालन गर्न यस आर्थिक वर्षमा देहाय बमोजिमको जिम्मेवारी तोकी कार्य सञ्चालन गरिएको छ ।

**चित्र नं. २४ परिषद्को कार्यसञ्चालन संगठन संरचना**




**(ख) उपसमिति र सदस्यहरु**

परिषद्को कार्यसञ्चालनका लागि यस आरुथिक वर्षमा परिषद्को वैठकबाट बालबालिका सम्बन्धी अध्ययन अनुसन्धान समन्वय उपसमिति, बालबालिका सम्बन्धी सूचना सामग्रीहरुको प्रमाणीकरण उप-समिति, बाल गृह अनुगमन उप-समिति, नागरिक सङ्गठन समन्वय उप-समिति र बाल अधिकार विज्ञ समूह गठन गरि जिम्मेवारी तोकिएको छ । परिषद् अन्तर्गत गठित उपसमिति र सदस्यहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ उपसमिति र उपसमिति सदस्यहरु**

| क्र.स. | उपसमिति | पदाधिकारी |
|---|---|---|
| १. | बालबालिका सम्बन्धी अध्ययन अनुसन्धान समन्वय उपसमिति | **संयोजकः**<br>श्री विमला ज्ञवाली, सदस्य, राष्ट्रिय बाल अधिकार परिषद्<br>**सदस्यः**<br>प्रा. डा. श्री योगेन्द्रबहादुर गुरूङ, त्रि.वि.वि. जनसंख्या अध्ययन विभाग<br>प्रा. श्री चन्द्रकला शर्मा, मानसिक स्वास्थ्य तथा जनस्वास्थ्य क्षेत्र<br>श्री तेज सुनार, अध्यापन, अनुसन्धानकर्ता र दलित अधिकारकर्मी<br>श्री पेम्बा लामा, अध्यापन, अनुसन्धानकर्ता र श्रमक्षेत्र विज्ञ |
| २. | बालबालिका सम्बन्धी सूचना सामग्रीहरुको प्रमाणीकरण उप-समिति | **संयोजकः**<br>श्री भीमलाल गुरूङ, सदस्य, राष्ट्रिय बाल अधिकार परिषद्<br>**सदस्यहरु**<br>प्रा.डा. श्री कुन्दन अर्याल, त्रि.वि.वि. आमसञ्चार विभाग<br>श्री शुभेच्छा बिन्दु, महिला पत्रकार, प्रेस काउन्सिल नेपाल पूर्व<br>श्री सुवास खतिवडा, पूर्व अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ<br>श्री राजेश शर्मा, बालमैत्री पत्रकार सञ्जाल, बाल क्लब पूर्व सदस्य |
| ३. | बाल गृह अनुगमन उप-समिति | **संयोजकः**<br>श्री सुन्दर लामिछाने, सदस्य, राष्ट्रिय बाल अधिकार परिषद्<br>**सदस्यहरु**<br>श्री रविन नेपाली, उपाध्यक्ष, सिनेट<br>श्री समीक बडाल, पूर्व-महासचिव, नेपाल बाल संगठन<br>श्री बिष्णुमायाँ भुसाल, सदस्य नेपाल बार सगठन<br>श्री प्रतिनीधि, समाज कल्याण परिषद |
| ४. | नागरिक सङ्गठन समन्वय उप-समिति | **संयोजकः**<br>श्री इन्दिरा योञ्जन, सदस्य, राष्ट्रिय बाल अधिकार परिषद्<br>**सदस्यहरु**<br>श्री तिलोत्तम पौडेल, बाल अधिकारकर्मी, बालमैत्री स्थानीय शासन सञ्जाल<br>श्री किरण थापा, अध्यक्ष कन्सेर्टियम नेपाल तथा बाल अधिकारकर्मी<br>श्री बेनुमाया गुरूङ, कार्यकारी निर्देशक एटविन तथा बाल अधिकारकर्मी<br>श्री प्रतिनिधि, गैसस महासंघ, केन्द्रीय समिति । |

परिषद् अन्तर्गत यी समितिहरुबाट बालबालिकाका क्षेत्रमा उत्पादन, प्रकाशन तथा प्रचार प्रसार हुने सूचना समग्रीहरुको प्रमाणीकरण गर्ने, बालगृहमा अनाधिकृत रुपमा बालबालिकाका राखिएको पाइएमा उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने र बनाधिकृत रुपमा बालबालिका राखी बालगृह सञ्चालन गर्ने सञ्चालकहरुलाई कारवाहीका लागि सिफारिस गर्ने, बालबालिकाको क्षेत्रमा हुने अध्ययन अनुसन्धानको लागि अनुमति प्रदान गर्ने, बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाहरुसँग आवश्यक समन्वय गर्ने तथा बालबालिका सम्बन्धी विभिन्न सवालहरुमा परिषद्लाई सुझाव दिने लगायतका कार्यहरु सम्पादन गरिएको छ ।

**(ग) बाल अधिकार विज्ञ समूह**

बाल अधिकार तथा बालबालिकाको सम्बन्धमा विद्यमान विविध सवालहरु तथा परिषद्ले गर्नुपर्ने कार्यहरुका बारेमा नियमित सुझाव प्रदान गर्ने तथा परिषद्ले अनुरोध गरे अनुसार विषयगत सवालहरुमा छलफल तथा विश्लेषण गरी आवश्यक कार्यान्वयनका लागि प्रतिवेदन, सिफारिस तथा सुझावहरु पेश गर्ने कार्यका लागि परिषदको वैठकबाट देहाय बमोजिमको विज्ञ समूह गठन गरी कार्य सम्पादन गरिँदै आएको छः-

१. श्री गौरी प्रधान, बाल अधिकार विज्ञ तथा बाल अधिकारकर्मी
२. श्री डिल्ली गुरागाँई, बाल अधिकारकर्मी तथा विज्ञ बाल अधिकार शासन
३. डा. श्री विजय ज्ञवाली, बाल अधिकारकर्मी तथा विज्ञ मानसिक स्वास्थ्य
४. डा. श्री रामहरी चापागाँई, बाल अधिकारकर्मी तथा बाल स्वास्थ्य विज्ञ
५. श्री अप्सरा पाण्डे, बाल अधिकारकर्मी तथा बाल नर्सिंग विज्ञ
६. डा. श्री राजकुमार ढुंगाना, बाल अधिकारकर्मी तथा शिक्षा विद
७. श्री शिव भण्डारी, बाल अधिकारकर्मी तथा बाल अधिकार अनुगमन विज्ञ
८. श्री इन्दु तुलाधर, बाल अधिकारकर्मी तथा लैगिक र बाल अधिकार कानून विज्ञ
९. श्री कुन्ति राना, बाल अधिकारकर्मी तथा प्रारम्भिक बाल विकास विज्ञ
१०. श्री उद्धव पौडेल, बाल अधिकारकर्मी तथा बालश्रम विज्ञ
११. श्री दिपेश पल ठाकुर, बाल अधिकारकर्मी तथा अन्तर्राष्ट्रिय सहायता विज्ञ
१२. श्री ऋतु भट्ट, बाल अधिकारकर्मी तथा बाल संरक्षण र विपदमा बाल संरक्षण
१३. श्री तारक धिताल, बाल अधिकारकर्मी, पुर्व कार्यकारी निर्देशक केबाकस
१४. श्री शिवप्रसाद पौडेल, बाल अधिकारकर्मी बाल अधिकार कानून विज्ञ
१५. श्री इन्दिरा कोइराला, बाल अधिकारकर्मी बाल मैत्री स्थानिय शासन विज्ञ
१६. श्री कृष्ण सुवेदी, बाल अधिकारकर्मी
१७. श्री सिर्जना काफ्ले, बाल अधिकारकर्मी तथा बाल अधिकार विज्ञ।

**(घ) परिषद्सँग सहकार्यरत विकासका साझेदारहरु र नागरिक संगठन सञ्जालहरु**

१. विगतका वर्षहरुदेखि नै परिषद्ले विभिन्न विकासका साझेदार संस्थाहरुसँगको सहकार्यमा बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यस आर्थिक वर्षमा परिषद्सँग आवद्ध सहकार्य गर्ने विकासका साझेदार संस्थाहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५- सहकार्यरत संस्थाको विवरण**

| क.स. | संस्थाको नाम | सहकार्यको प्रकार |
|---|---|---|
| १ | युनिसेफ नेपाल | संस्थागत सहकार्य |
| २ | सेभ द चिल्ड्रेन | संस्थागत सहकार्य |
| ३ | प्लान इन्टरनेसनल | संस्थागत सहकार्य |
| ४ | एक्प्याक्ट लक्जम्वर्ग | परियोजना सहकार्य |

**तालिका १६- आ.व. २०७७/७८ मा राष्ट्रिय बाल अधिकार परिषद्सँग कार्यक्रमिक साझेदारी गर्ने संस्था र सञ्जालको विवरण**

| क्रस | कार्यक्रम/अन्तरक्रिया/गोष्ठी/सेमिनार/तालीम | कार्यक्रम आयोजना मिति | स्थान | सहयोगी संस्था/सञ्जाल |
|---|---|---|---|---|
| १ | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको प्रमुख सवाल विषयक अन्तरक्रिया कार्यक्रम | २०७७/८/१८ | काठमाडौं | निल हिरा समाज |
| २ | खेलकुदमा बालिका सहभागिता विषयक अन्तरक्रिया कार्यक्रम | २०७७/९/२३ | काठमाडौं | बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल/स्वतन्त्रता अभियान |
| ३ | म्यूजिक भिडियो तथा मनोरञ्जन सामाग्रीमा बालबालिकाको संलग्नता तथा लैङ्गिक समानता विषयक | २०७७/८/२१ | काठमाडौं | बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल |
| ४ | बालबालिकाको लागि सुरक्षित ईन्टरनेट विषयक अन्तरक्रिया कार्यक्रम | २०७७/१०/२७ | काठमाडौं | सिर्जनशील समाज नेपाल |
| ५ | बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयन सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया गोष्ठी | २०७७/११/१६ देखि २०७७/१२/२९ सम्म् | प्रदेश नं. २ का ८ वटा जिल्लाहरू | वल्ड भिजन इन्टरनेशनल नेपाल |
| ६ | बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयन सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया गोष्ठी | २०७७/१२/१८, १९ र २२ | चितवन, धादिङ र नुवाकोट | शक्ति समूह |
| ७ | बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयन सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया गोष्ठी | २०७७/१०/२५ र २७ | मकवानपुर र सिन्धुली | प्लान इन्टरनेशनल/राडो नेपाल/सामुदायिक विकास कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| ८ | बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयन सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया गोष्ठी | २०७७/१०/१५ देखि २०७७/११/१० सम्म | प्रदेश नं. १ का १४ वटा जिल्ला | मानव अधिकार मञ्च, ईलाम |
| ९ | बाल अधिकारको कार्यान्वयनका लागि सहकार्यका विषयमा मानव अधिकारसँग सम्बन्धित संवैधानिक आयोगहरुसँगको अन्तरक्रिया | | काठमाडौं | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान |
| १० | कोभिड-१९ मा बाल संरक्षण र स्वास्थ्यकर्मिको भूमिका विषयक अन्तरक्रिया (सात प्रदेश) | | | • नेपाल प्याडियाट्रिक सोसाइटि<br>• प्याडियाट्रिक नर्सेस एसोसियसन अफ नेपाल,<br>• राष्ट्रिय बाल संरक्षण सञ्जाल<br>• स्वतन्त्रता अभियान |

## ८. वित्तिय प्रगति

परिषद्ले चालू आर्थिक वर्षमा गरेको वित्तिय प्रगतिको अवस्था देहाय बमोजिम रहेको छ ।

**तालिका १७- परिषद्को वित्तिय प्रगति**

| क्र.स. | वजेट स्रोत | कूल वजेट (रु.लाखमा) | खर्च रकम (रु.लाखमा) | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| रातो किताबमा समावेश भएको वजेट | | | | | |
| १ | नेपाल सरकार | ७६०/५० | ७११/७० | ९३/५८ | |
| २ | युनिसेफ रातो किताब | ४६ | ४२/४१ | ९२/२१ | |
| रातो किताब जम्मा | | ८०६/५० | ७५४/११ | ९३/५० | |
| रातो किताबमा समावेश नभएका वजेट | | | | | |
| ३ | युनिसेफ नेपाल | ७६/१४ | ५३/५६ | ७०/३३ | |
| ४ | सेभ द चिल्ड्रेन | ६४/८८ | ४१/६५ | ६४/२० | नोभेम्बर २०२० देखि डिसेम्बर २०२१ सम्म |
| ५ | प्लान इन्टरनेसनल | ३६/०५ | २९/५२ | ८१/८९ | |